राती खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष २, अङ्क ४४, पूर्णाङ्क ९२ | २०७४ वैशाख २० गते बुधबार | Wednesday, 3 May 2017 | www.eratokhabar.com | मूल्य रु. १०

## प्रहरी नै भ्रष्टाचारका नाइके

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा टोलीमा जाने जवानका लागि बन्दोबस्तीका सामान खरिदमा भ्रष्टाचार गरेको विचाराधीन मुद्दामा आइतबार फैसला गर्दै पूर्वप्रहरी महानिरीक्षक ओम विक्रमराणा, रमेशचन्द ठकुरी, हेमबहादुर गुरुङलगायत ३४ जनालाई सर्वोच्चले दोषी प्रमाणित गरेको छ। राणालाई २ वर्ष कैद र ५० हजार जरिबाना, गुरुङ र चन्दलाई १ वर्ष कैद र ४० हजार जरिवाना फैसला भएको छ। त्यसैगरी पूर्वएआईजी श्यामसिंह थापा र दीपकसिंह थाङ्देललाई १ वर्ष कैद र ४० हजार जरिबाना फैसला भएको छ। डीआईजी दीपककुमार श्रेष्ठ, एसएसपी रवीन्द्रप्रताप राणालाई ६ महिना कैद र ३० हजार जरिबाना भएको छ। त्यसैगरी अन्य ३० जनालाई कैद र जरिबाना ... बाँकी पृष्ठ ७ मा

# संसदीय व्यवस्थाको सङ्कट गहिरिँदै

- वैज्ञानिक समाजवादी व्यवस्था निर्विकल्प – विप्लव, महासचिव, नेपाल कम्युनिस्ट पार्टी
- सरकार निरङ्कुशतातर्फ बढिरहेको छ – विपीन अधिकारी, वरिष्ठ कानुनविद्
- नेताहरू भ्रष्टाचारमा फस्ने डरले महाभियोग ल्याए – भैरव रिसाल, वरिष्ठ पत्रकार

■ **रातो खबर संवाददाता**/काठमाडौँ

२०४६ सालयता २८ वर्ष संसदीय व्यवस्था सत्तारूढ छ। यो समय पूरै पञ्चायती व्यवस्थाबराबरकै हो। तीन दशकमा रुसले अमेरिका र चीनले बेलायतलाई आर्थिक दृष्टिले उछिनेका थिए। देशलाई विश्व रङ्गमञ्चमा एक शक्तिशाली देश बनाएका थिए। तर नेपालमा संसदीय व्यवस्थाले हरेक वर्ष देशलाई झन्पछि झन् रसातलतिर धकेलिरहेको छ। पछिल्लो समयमा प्रधानन्यायाधीशविरुद्ध दर्ता गरिएको महाभियोग प्रस्ताव र त्यसपछि उत्पन्न राजनीतिक अस्थिरता त्यसैको पछिल्लो र उत्कर्ष रूप हो।

नेपालमा उत्पन्न अन्योल र अराजकतामा दल र तिनका नेताहरू दोषी त छँदैछन् तर मूल समस्या संसदीय व्यवस्थाकै हो। संसदीय व्यवस्था रहेसम्म नियमित आकस्मिकताका रूपमा त्यसप्रकारका घटनाहरू समुद्रको छालझैँ आउने-जाने भइरहनेछन्। हरेक ज्वारले देशको स्वाभिमान र समृद्धिमा पीडा र अपमानको थुप्रो थप्दै जानेछ। त्यसैले नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले वर्तमान सङ्कटको निकास अर्को अमूक पार्टी र नेता नभएर 'वैज्ञानिक समाजवादी व्यवस्था नै निर्विकल्प भएको' जिकिर गर्नुभएको छ।




भारतीय साम्राज्यवाद र पश्चिमा देशहरू नेपालमा अस्थिरता र दुर्बल राजकीय प्रणाली थोपरेर नेपाललाई सामरिक स्वार्थमा प्रयोग गर्न चाहन्छन्। भारतीय साम्राज्यवाद नेपालको प्राकृतिक स्रोत दोहन गर्न आफ्नो नियन्त्रणमा कायम राख्न चाहन्छ। संसदीय दलहरू उनीहरूका विरुद्ध लड्न र समृद्ध नेपालको हितानुकूल भूमिका निर्वाह गर्न सक्दैनन्। उनीहरू विदेशीको दलाली गरेर कुर्सी स्वार्थ साध्ने खेलमा छन्। नेपाली राजनीतिका पछिल्ला घटनाक्रमहरूले त्यसको पुष्टि गरिरहेको छन्।

प्रधानन्यायाधीश सुशीला कार्कीले ... बाँकी पृष्ठ ७ मा

## भोट माग्न आए कान काट्ने

### ३0 गते नेपाल बन्द

नेपाल कम्युनिस्ट पार्टीले चुनावको अघिल्लो दिन वैशाख ३० गते नेपाल बन्दको घोषणा गरेको छ। चुनावका नाममा जनता भ्रमित गर्ने र देश लुट्ने, राष्ट्रघातलाई वैधानिकता दिनका लागि गरिन लागेको चुनाव खारेज गर्ने नेकपाले जनाएको छ। तराईमा चुनाव प्रचारमा जाने नेताहरूको कान काटेर पठाउने घोषणा कतिपय मधेस केन्द्रित दलहरूले गरेका छन्। "प्रचण्डदेखि किरणसम्मको विद्रोहको औचित्य संसदीय चुनावका विरुद्ध चुनावखारेज अभियानमा व्यक्त भएको छ। यसलाई क्रान्तिसँग जोड्नुपर्छ", नेकपाका महासचिव विप्लवले भन्नुभएको छ। वैशाख २९ गते बन्दको अघिल्लो दिन उसले देशव्यापी मसालजुलुस आयोजना गरेको छ।

# पुरानो सत्ताका साइनबोर्डहरु मेटाएर जनसत्ताका बोर्डहरु राखियो

### नेकपा, रुकुमका सेक्रेटरीसहित २६ जना गिरफ्तार

■ **अम्बिका चन्द**/काठमाडौं




रुकुम प्रहरीले मंगलबार नेकपा रुकुमका जिल्ला सेक्रेटरी चन्द्रबहादुर बुढासहित २६ जनालाई गिरफ्तार गरेको छ। त्यसैगरी धनकुटामा पनि प्रहरीले बिनाकारण गिरफ्तार गरेको छ। शान्तिपूर्ण कार्यक्रममा प्रहरीले गिरफ्तारी र झुट्ठा मुद्दा लगाउन थालेपछि नेकपाका कार्यकर्ताहरुले पनि देशभरि संसदीय व्यवस्थाको स्थानीय निकायको कार्यालयमा बोर्ड हटाउने र जनसत्ताको कार्यालय राख्न सुरु गरेका छन्। नेपाल कम्युनिस्ट पार्टीले देशव्यापी रुपमा स्थानीय जनपरिषदहरु घोषणा गरेर जाने बताएको छ। प्रचण्ड नेतृत्वको दलाल संसदीय व्यवस्थाले विगत जनयुद्धको बेला नै देशको असी प्रतिशत भूभाग खाली भैसकेको अवस्थामा पनि पुरानो सत्ताको अवशेषहरुलाई ब्युँताउने गरी कथित स्थानीय निकायको चुनाव घोषणा गरेको विरोधमा यसो गर्नुपरेको नेकपाले बताएको छ। यसकै निरन्तरतामा देशका विभिन्न ठाउँहरुमा उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका साइनबोर्डहरु हटाएर नयाँ जनसत्ताका साइनबोर्डहरु राखिएको हो।

यसैबिच दाङका सबै ठाउँमा यस्ता पुराना साईनबोर्डहरु हटाइएको छ र नयाँ जनसत्ताका बोर्डहरु राखिएको छ। दाङको तुल्सीपुर उपमहानगरपालीका र घोराही उपमहानगरपालिकामा पुरानो बोर्ड मेटाएर संयुक्त जनपरिषद नेपाल लेखिएको छ। नेकपा दाङका सेक्रेटरी सविनले शान्तिपूर्ण सभाहरुमा प्रशासनले हस्तक्षेप गरेको, आफ्ना कार्यकर्ताहरुलाई गिरप्तार गरी झुटा मुद्दामा फसाउने पञ्चायती शैलीको हर्कत गरेको र यो कथित स्थानीय निकायको चुनावको कुनै औचित्य नभएको कारण त्यसको विरोध स्वरुप यसरी पुरानो सत्ताको बोर्डहरु फाल्नु परेको प्रतिक्रिया दिनुभएको छ।

यसैबिच चितवनमा भरतपुर उपमहानगरपालिका लगायतका विभिन्न ठाउँमा स्थानीय निकायका साईनबोर्डहरु मेटाएर जनपरिषद नेपाल लेखिएको छ। यस अघि चितवनमा आयोजना गरिएको जनजागरण तथा भण्डाफोर सभामा प्रहरीले हस्तक्षेप गर्नुका साथै गिरफ्तार, धरपकट र कुटपिट गरेको विरोधस्वरुप पुरानो सत्ताको विकल्पमा संयुक्त जनपरिषद नेपालका साइनबोर्डहरु राखिएको चितवनका सेक्रेटरी लालबहादुर वि.सी.ले बताउनुभएको छ।

उता कास्कीमा पनि पोखरा उपमहानगरपालिकाको साइनबोर्ड मेटाएर स्थानीय जनसत्ताको कार्यालय लेखिएको छ। कथित स्थानीय निकायको चुनाव सत्तासीनहरुको पक्षमा र आम जनताको विपक्षमा भएकोले त्यसको उत्तम विकल्प वैज्ञानिक समाजवाद मात्र भएको भन्दै गाउँ गाउँबाट पुरानो सत्ता खाली गर्ने अभियानस्वरुप जनसत्ताको साइनबोर्ड राखिएको गण्डक ब्यूरो इन्चार्ज एवं नेकपाका केन्द्रीय सदस्य क. ... बाँकी पृष्ठ ७ मा

# हरेक मान्छेमा रूपान्तरणको गुण हुन्छ

**देश/परिवेश**

■ विप्लव



हामी पार्टीमा छौँ तर पार्टीको घेराबाट यो कार्यक्रम सोचिएको होइन। विचारधारात्मक सङ्घर्ष पार्टी राजनीतिभन्दा धेरै माथि हुन्छ। आज सम्मानित हुने सांस्कृतिक अग्रजहरूले विचारधारात्मक सङ्घर्षको नेतृत्व गरिरहनुभएको छ। हामी जनयुद्धमा हुँदा राजनीतिक लडाइँसँगै जनताको दैनिक जीवनको दायित्ववोध गर्नुपर्छ भन्ने बहस हुन्थ्यो। थबाङबाट काठमाडौँ आएपछि हामी त्यो सोचाइलाई जीवनमा व्यक्त गर्न चाहन्थ्यौँ। समय र जनताले त्यो अवसर दिएका पनि थिए। तर थबाङबाट काठमाडौँ आउँदा सफल भइएन। हाम्रो लगानी र त्याग आवेग मात्र थिएन।

चारजनाले स्थापना गरेको पार्टी यहाँसम्म आइपुगेको छ। आफ्नो समयमा बलिदान गरेका अग्रजहरू निरास र कुण्ठित किन हुनुपरेको छ ? त्यही प्रकारको स्थिति सांस्कृतिक क्षेत्रमा पनि भएको छ। एकथरी अघाएका छन्, अर्कोथरीले याचना गरेर बाँच्नुपर्ने अवस्था छ। नेतृत्व तहले त्यसलाई समाधान गर्नुपर्छ। नेतृत्वले चाहेमा धेरै गर्नसक्छ। सानो निर्णयको ठूलो तरङ्ग हुन्छ। नेताले पैसा बाँड्दै हिँड्नुपर्ने, तलकाले थाप्नुपर्ने पञ्चले पनि नगरेको अवस्था उत्पन्न भयो।

जनताप्रति विश्वास भयो र जनताले साथ दिए भने पार्टी चलाउन दूतावास धाउनु पर्दैन। हामीले महाधिवेशनबाट तीनवटा निर्णय गरेका छौँ- प्रथम, अग्रजहरूको सुरक्षाको जिम्मा लिन्छौँ। यो काम गरेर देखाउँछौँ। जनताको पङ्क्तिभित्र रहेकाहरूसँग हामीसँग विचार मिलेन भने पनि रक्षा गर्छौं किनकि योगदान र दृष्टिकोण फरकफरक विषय हो। त्यसरी नयाँ पुस्तालाई प्रोत्साहित गरिएन भने आन्दोलनमा अपुताली पर्ने खतरा छ। करोडपति र अर्बपतिको बाटो त्यही हो। जीवनले मान्छेलाई छुन्छ तर भावुक बनाउँछ। नयाँ पुस्तालाई प्रोत्साहित गर्ने हाम्रो दोस्रो निर्णय हो। तेस्रो सांस्कृतिक क्षेत्रमा रहेका अग्रजहरूको सुरक्षाको जिम्मा लिने निर्णय हामीले गरेका छौँ। त्यो सुरक्षा लाखौँ-करोडौँमा होइन, हाम्रै हैसियतमा गर्छौं। जनताका लागि जीवन नै दिनेहरूलाई खेलबाड गर्ने संस्कृतिको अन्त्य गर्नुपर्छ। हामीले कम्युनिस्ट पार्टी बनाएर मात्र पुग्दैन, कम्युनिस्ट समाज नै बनाउनुपर्छ। नेता बन्नु संयोगको विषय हो। तर कम्युनिस्ट समाज बनाउनुपर्ने हाम्रो दायित्व हो।

मान्छेमा रूपान्तरणको गुण हुन्छ। पार्टीमा लाग्नासाथ त्यो अब्बल हुने र अरू सबै मूर्ख र अर्थहीन ठान्नु हुँदैन। कम्युनिस्ट पार्टी भनेको सार्वजनिक यातायातजस्तो जो पनि चढ्ने, जो पनि ओर्लनसक्ने विषय होइन। जति माथि उत्तिकै स्वयम्सेवक बन्नुपर्छ। कम्युनिस्ट आए पनि काङ्ग्रेस आए पनि उस्तै हो भन्ने हल्ला सही होइन। ९० को दशकपछि योजनाबद्ध रूपमा यो चर्चा चलाइएको छ।

हामीले १५/१६ जना सहकर्मी एउटै खाल्डोमा अन्तिम संस्कार गरेर आएका छौँ। हामीमा ती बलिदानको पीडा र प्रभाव छ। हामी हाम्रो प्रस्ताव र आदर्श सुन भनिरहेका छौँ। कुन नेताले के भन्यो, त्यो मुख्य कुरा होइन। कुरा नसुन्ने, घेराबन्दी गरेर समाप्त पार्ने सोचाइ राज्यले बनाउँछ भने त्यसको अन्तिम जबाफ बन्दुक हो। जनताको आवाज नसुन्नु भनेको बन्दुकको घमण्ड हो। त्यो घमण्डको जबाफ दिन हामी तयार छौँ।

पूर्ण विरामको कविता र तपाईंहरूको गीत सुनेर युवाहरू मृत्युलाई कुल्चँदै लडेका थिए। त्यसैले त माओले बन्दुकको सेना मात्रै हुँदैन, कलमको सेना पनि चाहिन्छ भन्नुभएको थियो। हार्न जसले पनि सक्छ, हामी जित्छौँ अथवा निरन्तर क्रान्तिमा हुन्छौँ। हिजोको माओवादी र आजको नेकपा सहभागी नभईकन त्यत्तिकै चुनाव हुँदैन। आफूले एउटा निर्णय गर्ने भारतको दुइवटा वक्तव्य पर्खेर बस्ने नेताहरूले शान्ति र स्थायित्व दिन सक्दैनन्।

मधेसी नारामा मधेसी जनताको चर्को शोषण भएको छ। दुःख दिएका छन्। पार्टी जतिवटा भए पनि संसद्वादी र गैरसंसद्वादी दुईवटा धारा छन्। अब ... बाँकी पृष्ठ ७ मा

वर्ष २, अङ्क ४४, पूर्णाङ्क ९२
रातो खबर साप्ताहिक

## सम्पादकीय

# चरम सङ्कटमा दलाल संसद्वाद

विदेशी योजना र इसारामा टिकिरहेको दलाल संसद्वाद चरम सङ्कटमा फसेको छ। कथित स्थानीय निकायको निर्वाचन, संसदीय व्यवस्थाको खारेजी र कथित चुनाव ध्वस्त बनाउन नेकपाले देशभर सञ्चालन गरिरहेको आन्दोलन अनि यिनै राजनीतिक घटनाक्रमकै बीचमा पछिल्लो अवस्थामा सर्वोच्च अदालतकी प्रधानन्यायाधीश सुशीला कार्कीमाथिको महाभियोग प्रस्ताव, दक्षिणका एक विश्वासपात्र- गृह एवम् उपप्रधानमन्त्री विमलेन्द्र निधिको राजीनामा र पछिल्लोपटक चुनाव गराउने उद्देश्य देखाएर सरकारमा सामेल कमल थापा समूहको सत्ता बहिर्गमनले संसदीय व्यवस्था जति टाले पनि नछोपिने वस्त्रजस्तै भएर चरम सङ्कटमा धकेलिएको छ।

यतिबेला समान स्वार्थ बोकेर काङ्ग्रेस, एमाले, माके, राप्रपा, कथित मधेसी मोर्चालगायत संसद्वादी समूहहरू दलाल संसद्वाद स्थापना गर्ने र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्नहरूलाई रछ्यानमा फाल्ने उद्देश्य बोकेर चुनावको रटान लगाइरहेका छन् । नेपाली जनतालाई भने ढाल्नैपर्ने संसदीय व्यवस्थाको जरा टेकाउने उद्देश्यले गर्ने भनिएको संसदीय चुनावसँग दुस्मनीपूर्ण चासो र सम्बन्ध छ। नेपाली जनताले जहानियाँ राणा शासनदेखि राजतन्त्र हुँदै निरङ्कुश पञ्चायती व्यवस्था र दलाल संसदीय व्यवस्था सबैका विरुद्ध निर्मम सङ्घर्ष आएको इतिहास छ। संसद्वाद संसारमै असफल र विभेदमा आधारित बेकम्मा राजनीतिक प्रणाली हो। नेपालमा विसं २००० को दशकको उत्तरार्द्धमा स्थापना भएदेखि नै संसदीय व्यवस्था नेपाल र नेपाली जनताका पक्षमा रहेको देखिएको छैन। त्रिपक्षीय दिल्ली सम्झौताका विरुद्ध सङ्घर्षमा उत्रिएका विद्यार्थी नेता चिनियाँकाजी श्रेष्ठको रगतमा स्नान गरेर आएको यस व्यवस्थाले विभिन्न नाममा दसौँ हजार नेपाली जनताको हत्या गरिसकेको छ। यसै व्यवस्थाका शासकहरूले कोसी, गण्डक, महाकाली, टनकपुर, कालापानी, बिप्पा, लिपुलेकलगायत दर्जनौँ राष्ट्रघाती सन्धिसम्झौताहरू गरेर नेपालको राष्ट्रिय अस्मिता र सार्वभौमसत्तालाई भारतको स्वार्थमा प्रयोग गरेका छन्। देशमा शिक्षा, स्वास्थ्य, रोजगारको वृद्धि गर्नुको साटो मुलुकका राष्ट्रिय सम्पदा र उद्योगहरू कौडीको मूल्यमा बेच्ने, निजीकरण गर्ने, धराशायी पार्ने, युवा पलायन गराउने काम गरिएको छ।

देशको सुरक्षा, जनतालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको ग्यारेन्टी गर्नु राज्यको दायित्व हो। देश र जनताप्रति इमानदार राज्यसत्ताले मात्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षा गर्नसक्छ। तर देश र जनताप्रति माया र साइनोसम्बन्ध नभएको व्यवस्था, चिन्तन र प्रणालीले यसो गर्न सक्तैन, गर्दैन र गर्नेप्रति कुनै रुचि राख्दैन। दलाल पुँजीवादी राज्यसत्ता र त्यसको ठोस अभिव्यक्ति दलाल संसदीय व्यवस्थाले देश र जनताप्रति आफ्नो कुनै पनि उत्तरदायित्व देख्दैन। यो दलाल व्यवस्था होनहार युवालाई विदेश धकेल्छ र उनीहरूको श्रमपसिनामा पौडी खेलेर मोटाउँछ। यसले अग्रज, ज्येष्ठ तथा सम्मान गर्नुपर्ने वृद्धवृद्धालाई अपमान गरी आँसुको पोखरीमा डुबेर र प्रताडित भएर मर्न लगाउँछ। बालबालिकाको भविष्य अन्धकार पार्न उद्यत यो व्यवस्थाले उनीहरूलाई जन्मनासाथ देशको हित र रक्षा होइन, विदेश पलायन हुन सिकाउँछ। राष्ट्रको रक्षामा लाग्ने युवाहरूलाई भाडाका सिपाही र अदक्ष कामदार उत्पादन गर्ने कारखाना बनाउँछ। यसले महिलालाई सम्मान होइन, वैधअवैध बेस्यालयको यात्रा गराउँछ र रेमिट्यान्समा सुन्दर महल बनाउँछ। श्रमजीवी, शिल्पी र नौजवान कसैको पनि वर्तमानदेखि भविष्यसम्मको कुनै ग्यारेन्टी नगर्ने, गर्न नसक्ने र हुन नदिने यो व्यवस्था ढालेर वैज्ञानिक समाजवाद स्थापना गर्नुको विकल्प छैन।

मुखले जनताको नाम लिनु र कामले विदेशी मालिकहरूलाई रिझाएर सत्ताको दुरूपयोग गर्नु, आफू दलाल व्यवस्था र दलाल पुँजीको रक्षाका लागि विस्तारवाद, साम्राज्यवाद र उत्तरसाम्राज्यवादको चाकरी गर्नु र दलाल तथा दासहरू निर्माण गरी आफ्नो चाकरी गर्न लगाउनु यो व्यवस्थाको मूल विशेषता हो। हिजो घोषणा गरिएको कथित गणतान्त्रिक संविधान, त्यसपछि बनाइएका र लडाइएका सरकारहरू अनि यतिबेला गर्ने भनिएको कथित स्थानीय तहको निर्वाचन यी कुनै पनि परिघटना नेपाल र नेपाली जनताको हित र स्वार्थलाई केन्द्रमा राखेर भन्दा पनि दलाल संसदीय व्यवस्थाका दाता, रक्षक प्रभुहरूलाई रिझाउने र आफू ढलिमली गर्ने उद्देश्यमा निहित छन्। गृहमन्त्री निधिको राजीनामा, आईजीपी नियुक्ति विवाददेखि प्रधानन्यायाधीश कार्कीमाथि महाभियोगका प्रस्तावहरू दलाल संसद्वादको रक्षाका लागि प्रभुहरूले आफ्ना दासहरूलाई प्रयोग गरी गराएका परिघटनाहरू हुन्। यसमा नेपाली जनताको कुनै रुचि र चासो छैन। पुष्पकमल दाहालदेखि कमल थापासम्मका बुख्याँचाहरूका रूप, रङ र नाम मात्र फरक हुन्, तिनले गर्ने काम भनेको एकपटक झस्काउने मात्र हो। नेपाली जनताले यी सबै बुख्याँचाहरूलाई राम्ररी चिनिसकेको हुनाले दिग्भ्रमित हुने कुनै सम्भावना छैन। खतरा त यी बुख्याँचाहरू रहेसम्म देश र जनताले दुःख पाइरहन्छन् भन्ने मात्र हो।

नेपालीमा एउटा भनाइ छ- सर्पले आधा निलिसकेका भ्यागुताले आफू अघिल्तिरबाट उड्दै गरेको झिँगालाई समातेर खाने प्रयास गर्छ रे। दलाल संसदीय व्यवस्था आफैँमा जर्जर छ। नेपाली जनताको सचेत पहल र एकीकृत जनक्रान्तिको कार्यदिशाले यसलाई जरैदेखि ढाल्न लागेको छ तर यस्तो अवस्थामा पनि दलाल संसद्वादका नेपाली बुख्याँचाहरू यसैलाई लोकतन्त्र भन्दै चिच्याइरहेका छन् र यो व्यवस्थालाई जरैदेखि उखेल्न लागिपरेका देशभक्त, क्रान्तिकारीहरूलाई एक नम्बर चुनौती देख्दै देशव्यापी धरपकड, गिरफ्तारी र यातनाका शृंखला बढाइरहेका छन्। महाभूकम्पले जीर्ण र जर्जर बनाइसकेको घरलाई टेको लगाएर कति दिन थाम्न सकिएला ! अब आउने हुरीबतासको सानै धक्काले पनि दलाल संसदीय व्यवस्था नामको यो जीर्ण घरलाई जरैदेखि ढालिदिने र नेपालमा वैज्ञानिक समाजवाद स्थापना हुनेमा कुनै शङ्का छैन। त्यसैले यो व्यवस्था र यसको रक्षाका लागि हुने कथित चुनावलाई खारेज गर्दै जनसत्ता स्थापना र वैज्ञानिक समाजवादको निर्माण अभियानमा जुट्नु नै हाम्रो पहिलोृ र महत्वपूर्ण जिम्मेवारी हो।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# माओवादी केन्द्र कम्युनिस्ट पार्टी रहेन

**श्यामबहादुर बोहरा 'अटल'**

२०५२ सालमा शुरु गरिएको जनयुद्धको वास्तविक सपना के थियो ? तत्कालीन पार्टीले कुन संकल्प र प्रतिबद्धता गरेको थियो ? ठोस लक्ष्य एवं उद्देश्य के थियो ? आज के त्यो पूरा भएको छ त ? राज्यप्रणालीमा कुनै गुणात्मक परिवर्तन भएको छ त ? जनयुद्धको क्रममा कत्रो ठूलो जनधनको क्षति भयो ? नेपाली आमाका महान् छोराछोरीहरुले आफ्नो अमूल्य जीवनको आहुति दिए। के का लागि ? देश र जनताको मुक्तिका लागि। आज तिनका परिवारको कस्तो विचल्ली छ ? कति घाइते अपाङ्ग भएका छन् र आज तिनको के पीडा छ ? अज्ञात आशा देखाएर समायोजनको खेलमा असफल बनाइएकाहरुको आज के अवस्था छ ? मुक्तिको तृष्णाले न्याय, स्वतन्त्रता र समानता प्राप्तीको उत्कट अभिलाषाले अपूर्व त्याग, लगन, निष्ठा र आदर्शले प्रज्वलित भई आफ्नो ज्यानको समेत कुनै प्रवाह नगरी जनयुद्धमा होमिएका बिकट गाउँका इमान्दार कर्तव्यनिष्ट, निश्छल, निस्कपट, जनता र कार्यकर्ताले आज के भोग्न परिरहेको छ ? खै आज उनीहरुको मान, प्रतिष्ठा र इज्जत ? खै आज उनीहरुको महत्व, हैसियत र मूल्यांङ्कन ?



पार्टीको उपल्लो निकायमा पुग्न सफल चंखे-चतुरे, व्यक्तिवादी, महत्वकांक्षी (तथाकथित प्रभावशाली) नेताहरुको लूट र घूसबाट आर्जित अकूत सम्पति कहाँ कहाँ छ ? क-कसको नाममा छ ? यसको सोधी खोजी गर्ने कि नगर्ने ? अथवा कसले गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? उपर्युक्त प्रश्नहरुको जवाफ कसले दिने ? यी जम्मै प्रश्नहरुको प्रमुख जिम्मेवार को ? के यस्तै हुन्छ, कम्युनिस्ट क्रान्तिकारी पार्टीमा ?

जालझेल गरेर हरतरहले पार्टी र हाल सरकारको समेत शक्तिशाली निकायमा पुगेका तथा कथित क्षमतावानहरुले जे गर्दछन, जे भन्दछन, त्यही नै नयाँ हुन्छ, त्यो नै आवश्यकता र समयको माग पो हो रे ! माओवादी केन्द्रको आन्तरिक पार्टी जीवन (संगठनात्मक विधि, पद्धति र नियम) कसरी चलिरहेको छ ? त्यस पार्टीमा उपल्लो तहमा पुग्न वा राज्यसत्ता अन्तर्गतका विभिन्न लाभका सम्मानित पदहरुमा पुग्नका लागि त्यसको छनौट गर्ने, अर्को कुनै वैज्ञानिक मापदण्ड वा आधार चाँहिदैन, नेता-कार्यकर्ताको कुनै त्याग-लगन-निष्ठा र इमान्दारिता चाहिँदैन ? क.माओले जुन तीनवटा कुरा नगर भनेका थिए, त्यही नै लागू गर्दै उनीहरु आनन्दको प्रलाप गर्दछन्। त्यो नै तिनीहरुको समग्र कार्यप्रणाली बनेको छ, जुन यस प्रकारका छन् –

१) क) नेकपा (माओवादी केन्द्र) को मुख्य नेतृत्व र त्यसका वरिपरि रहेका केही राजनैतिक ठालूहरु (मुखियाका छोरा नातिहरु) का परिवारभित्रका सदस्यहरु पार्टीको उच्च ओहोदा र लाभको पदमा छनौटको पहिलो प्राथमिकतामा पर्नैपर्ने हुन्छ।

ख) दोश्रो प्राथमिकता क्रममा मामा-माइजु, फूपु-फुवाजु सासु-ससुरा र काका-काकीपट्टिका सन्तानहरु पर्नुपर्ने हुन्छ। तिनको प्राकृतिक न्यायको नियमअनुसार उनीहरु नै पर्दछन्। यो सर्त अकाट्य हुनैपर्दछ, यो मुख्य मापदण्ड या मूल्याङ्कंनको मुख्य आधार नै बनेको छ।

२) उपर्युक्त मापदण्डपछि दोश्रो मापदण्डको पालो आउँछ। त्यो के भने त्यस पार्टीको मूल नेतृत्व र त्यसको दायाँ बायाँ रहेका भरौटे तिनै ठालुहरुको कुनै न कुनै एउटा गूटभित्र तपाई परेको हुनुपर्दछ। र, तिनको चाकडी र चाप्लुसी गर्ने, मन परेपनि मन नपरे पनि तिनको जय जय गान गर्दै भजन गाउने, गोजीमा रकम छ भने सुविधायुक्त स्तरीय रिसोर्टमा लिएर ज्यूनार गराउने वा उनका भव्य निवासमा पुगेर कोसेलीपात टक्र्याउने (दामसहित भए झन् राम्रो), मूल्याङ्कंनको दोश्रो आधार या मापदण्ड यही हो। त्यहाँको संस्कार, चरित्र र विधि यही नै हो।

३) उपर्युक्त कार्य तपाई गर्न चाहनुहुन्न भने अन्तिम वा तेश्रो कार्यपद्धति भनेको पाखुरा सुर्केर गर्जने, हुल हुज्जत गर्ने, तोडफोड गर्ने, सशक्त गुट तयार गरेर धम्काउने यसो गरे तपाईको पनि पार्टीभित्र उपल्लो तहमा बढुवा हुन सक्छ अथवा सम्मानित लाभको पदमा हो भने पनि त्यो संभव हुन जान्छ। उपर्युक्त कुराहरु नै नेकपा (माओवादी केन्द्र) का मूल्याङ्कन विधि र पद्धति हुन्। संगठनात्मक विधि वा समग्र कार्यप्रणाली हुन्। यो त्यस पार्टीको आजको विशिष्ट वा मौलिक संस्कृति हो।

हाल नेकपा (माके) कुनै पनि तरहले कम्युनिस्ट रहन गएको छैन। अब योसँग कुनै पनि कम्युनिस्ट आदर्श, सिद्धान्त, निष्ठा, चरित्र र क्रियाकलाप बाँकी रहेको छैन। त्यो किसान मजदुरको मुक्ति, स्वतन्त्रता र समानताको नेतृत्व गर्न सक्ने पार्टी अब रहेको छैन। त्यो त भ्रष्ट नवधनाढ्यहरुको मात्रै हालीमुहाली चल्ने लोभीपापी र पाखण्डीहरुको गिरोहमा पतित बन्दै गइरहेको छ। अन्य पुराना संसदवादी दलहरु भन्दा पनि अगाडि बढेर अझ बढी भ्रष्ट, अझ बढी स्वार्थी र अझ बढी अवसरवादी बन्नतिर फन्को मारिरहेको छ। यथार्थमा माओवादी केन्द्र एउटा प्रा.लि. हो। सत्ता, शक्ति र सम्पत्तिका लागि जे पनि गर्नु त्यसको मुख्य चरित्र बन्दै गइरहेको छ। उसको मार्क्सवादी वर्ग, विचार, राजनीति, सिद्धान्त, आदर्श, मूल्य, संस्कार, चरित्र सबै बदलिइसकेको छ। त्यसकारण उनीहरुको एउटा हिस्सा निष्ठुर र क्रुर बन्न थालेको छ। त्यस पार्टीको उच्च ओहोदामा रहेका तिनको आशिर्वाद र संरक्षण प्राप्त मातहतका आसेपासेहरुको समेत वर्ग परिवर्तन भएर आज उच्च, संभ्रान्त वर्गमा रुपान्तरित भइरहेका छन्। गाउँ, शहर जहाँ पनि तपाईहरु नियाल्नुहोस्, आफै देख्नसक्नुहुनेछ। तिनको हाईफाई र चर्तिकला आज के छ ?

नेकपा (माओवादी केन्द्र)का कुटिलहरुले अझैसम्म पनि क्रान्तिकारी कार्यकर्ता र जनतालाई झुक्याउनका लागि सर्वहारा वर्गको मुक्ति र समाजवादको फलाको हाल्न छोडेका भने छैनन्। मालेमाको मर्म र जनयुद्धको भावना विपरित जो आफै व्यक्तिवादी, स्वार्थी, परिवारवादी, नातावादी, पक्षपाति (अझ जातिवादी पनि), भ्रष्ट, अकुत सम्पत्तिका मालिक बन्नु उनीहरुको कर्म बनेको छ। तिनैले लागू गर्ने समाजवाद कस्तो हुन्छ ? कस्तो हुन्छ जनसमुदाय ! तिनले



सर्वहारालाई दिने मुक्ति ? जो आफै टुप्पीदेखि पैतलासम्म दुर्गन्धित छन्। तिनको किचन क्याविनेटबाट संचालन गरिने न्यायपूर्ण र सु-शासनयुक्त समतामुलक समाज कस्तो होला ? कति मजाकलाग्दो कुरा छ यो। यिनीहरुको त पुराना बुर्जुवाहरुको जति पनि इमान्दारिता, इज्जत र संस्कार छैन। त्यसकारण माओवादी केन्द्र कम्युनिस्ट पार्टी हुँदै होइन, बरु यो भाइ कांग्रेस हो।

जनयुद्धकालभरि हाम्रो पार्टीको सर्वोच्च नेतृत्व प्रचण्ड आजको दुनियाँको सर्वोच्च नेतृत्व हो जससँग अदभूत सर्वहारा वर्गीय क्षमता र शक्ति छ भन्ने पाठ घोकाइयो र बडो मुक्त कण्ठले सगौरव घोकियो। मुक्ति र स्वतन्त्रता प्राप्तीका लागि सहर्ष उनको फोटोसमेत पुजियो। जनयुद्धको सन्तुलन हुँदै प्रत्याक्रमणसम्म आइपुग्दा उनको वरिपरि रहेकाहरुलाई त बुझिसकिएको थियो। तर उनलाई मैले ६४/६५ बाट बल्ल चिन्न कोशिस गरें र ७०/७१ मा आइपुग्दा पूरै चिनें। यसभन्दा अगाडि जसरी उनलाई माओपछिको मालेमाको सच्चा उत्तराधिकारीका रुपमा बुझियो यो नै राजनैतिक जीवनको भयङ्कर ठूलो भूल हुन गएछ। आज यही पश्चातापले पोलिरहेको छ। यसको हिस्सा मैले कति लिनुपर्ने हो ? म पूरै इमान्दारिताकासाथ लिन तयार छु। वास्तवमा प्रचण्ड भनेका क्षण क्षणमा रंग बदलिरहने, भनाइ र गराइमा कुनै सम्बन्ध नभएका, फरक फरक व्यक्तिसँग नितान्त फरक कुरा गर्ने अति धूर्त, कुटिल, चरम अवसरवादी र महत्वाकांक्षी रहेछन्। मुखले जस्तालाई पनि, जे पनि, जति पनि दिने उनको मुख्य चारित्रिक गुण रहेछ। यो यथार्थ बुझ्न नसकेर धैर्य गरी उनको स्तूती गर्ने उनको आदेशमा बलिदान गर्ने इच्छा गर्नु नै व्यर्थ हुन गयो। यसप्रति म दुःखी छु। र, पार्टीभित्रका इमान्दार, निष्ठावान र आदर्शवान कार्यकर्ता, शहीदपरिवार, वेपत्ता परिवार, घाइते अपाङ्ग सबैसामु क्षमा याचना गर्दै आजको दिनदेखि नेकपा (माओवादी केन्द्र)सँग राजनैतिक र सांगठनिक रुपले मेरो कुनै सम्बन्ध बाँकी नरहेको कुरा सबैमा जानकारी गराउन चाहन्छु। सो पार्टीको कथित केन्द्रीय समितिको पोलिटव्यूरो सदस्यलगायतका बन्धनबाट मुक्त भएको घोषणा गर्दै अब उप्रान्त त्यस प्रा.लि.सँग मेरो कुनै अधिकार र कर्तव्य पनि बाँकी नरहेको सार्वजनिक गर्न चाहन्छु।

यसै सन्दर्भमा म के कुरा पनि स्पष्ट गर्न चाहन्छु भने म आफूले बुझेको मालेमाको सिद्धान्तलाई आफ्नो बाँकी जीवनको पथप्रदर्शक र आफ्नो कार्यको निर्देशक मान्दै कम्युनिस्ट नैतिकता र कर्तव्यबाट किञ्चित विचलित नभएर कम्युनिस्ट सेवा भावले निष्ठापूर्वक समाजको सेवामा सक्दो योगदान गर्ने संकल्प र अठोट कायमै रहेको कुरा स्मरण गराउन चाहन्छु।

२०४६ सालको जनआन्दोलन (जतिबेला भर्खर जुँगाका रेखी बस्न थालेका थिए) देखि २०५२ मा थालनी भएको जनयुद्धसँगै पार्टीको जिम्मेवार निकायमा रहेर निरन्तर रुपले क्रान्तिको विजयको अटल आस्था र विश्वासकासाथ वर्ग दुश्मनका विरुद्ध निर्मम युद्धमा सामेल हुँदै आजसम्म आइपुग्दा (जहाँ आधा कपाल र जुँगादारी फुल्न थालेका छन्) लाग्दैछ छ कि आफ्नो सम्पूर्ण यौवन र उर्जा पार्टीभित्रका केहीजना मुखियाका छोरानातीहरु र तिनैका आसेपासे भरौटेहरुको मात्र हालीमुहाली प्राप्तीका लागि अनर्थमा खेर फालिएको रहेछ। आखिर जनताको जीवनस्तरमा आज के परिवर्तन आयो त ?

कुनै पनि राजनीतिक नाम र रुपले रंग दलिएको दलबाट हुने पक्षपात, विभेद अन्याय, अत्याचार, उत्पीडन र तिरस्कार मेरा लागि स्वीकार्य छैन। त्यसका लागि शसक्त संघर्ष गर्नु र विद्रोह गर्नु आधारभूत कार्य ठान्दछु। किनकि मालेमाको आधारभूत मान्यता नै यही हो। यही मूलभूत मान्यताबाट प्रेरित भएर एक कम्युनिस्टले गर्ने सामान्य कार्य नै मैले गरेको छु।

महान् जनयुद्धका क्रममा हामीले हरेक नाम र रुपबाट हुने दमन, उत्पीडन र विभेदका विरुद्ध जीवनमरणको लडाई लड्यौ-मुक्तिका लागि, स्वतन्त्रता र समानताका लागि र आत्म गौरव र स्वाभिमानका लागि। तर आज खै नेकपा (माओवादी केन्द्र) भित्र हाम्रो स्वतन्त्रता, समानता, आत्मगौरव र स्वाभिमान ? निष्ठावान, आदर्शवान, इमान्दार र निष्कपट नेता कार्यकर्ताको, खै मान प्रतिष्ठा, इज्जत र मूल्यांकन ? गम्भीर बन्नुपर्ने विषय यहींनेर छ कि हामीले वर्ग संघर्षमा बलिदानी भावकासाथ लड्दै जाँदा एक हदसम्म जित्यौं, तर आफ्नै पार्टीभित्रका पदलोलुप, अवसरवादी, व्यक्तिवादी, स्वार्थी र पाखण्डी जुकाहरुका विरुद्धको आन्तरिक संघर्षमा समयमै ध्यान दिएनौं र ती शक्तिमा पुगे। धेरै पछि तिनीहरु अधिक बलिया भैसकेका थिए। मुख्य नेतृत्व र तिनका बीचमा साँठगाँठ बनिसकेको थियो र तिनका विरुद्धको संघर्षमा हामी इमान्दार क्रान्तिकारीहरुको एक पछि अर्को हार हुँदै गयो। हामीलाई सुनियोजित ढंगले हराइयो। हाम्रो मान, प्रतिष्ठा, इज्जत र इमान्दारिदामाथि तिनैले जिते। र, त आज तिनीहरुको हातमा कति शक्ति र अथाह रुपले सम्पत्ति छ ? हेर्दा हेर्दै तिनको वर्ग उत्थान कसरी भयो ? हामी भने रोग, भोक र अभावले छटपटाउदै बडो कठीन जीवन जीउन विवश छौं। तनावमा बाँच्न विवस छौं। बडो उदास र उराठलाग्दो परिवेशमा बाँच्न विवश छौं। त्यसकारण माओवादी केन्द्र नामको प्रा.लि.भित्र रहनुभएका प्रत्येक इमान्दार कार्यकर्ता र जनता सबैले गम्भीरतापूर्वक सोच्नुपर्ने बेला भइसकेको छ। ठण्डा दिमागले समीक्षा गर्नैपर्ने भइसकेको छ। हिजो क्रान्तिको चरणमा पार्टीभित्र त्याग र बलिदानी भावकासाथ लामबद्ध नेता र कार्यकर्तालाई पार्टी नेतृत्वले मर्न सिकायो। तर आज शान्तिकालमा स्वाभिमानपूर्वक बाँच्न सिकाएन। जनयुद्धलाई विसर्जनको दिशातिर मोडेर पार्टीको मूल नेतृत्वले ... बाँकी पृष्ठ ७ मा

# जनसांस्कृतिक योद्धा सम्मान कार्यक्रम

(वैशाख १३ गते जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित स्रष्टा सम्मान कार्यक्रममा अभिनन्दित व्यक्तित्व र अन्य वक्ताहरुका विचारहरुको सम्पादित अंश)



## पूर्ण विराम झुक्न नजान्ने नाम हो

### असारे काका, नेता, नेकपा



पूर्ण विराम झुक्न नजान्ने नाम हो । २० को दशकमा तत्कालीन प्रम सूर्यबहादुर थापाले पुरस्कृत गर्न खोज्दा पिस्कर हत्याकाण्डप्रति इङ्गित गर्दै 'जनताको रगतले लत्पतिएका हातले मलाई पुरस्कृत नगर' भनेपछि चर्चाको शिखरमा आउनुभएको हो । त्यसैगरी 'आमा दिदी बहिनी हो...' बोलको गीतका गायक-रचनाकार जेबी टुहुरेले पञ्चायती कालमा निरङ्कुशताका विरुद्ध आगो ओकल्नुभएको थियो । त्यसैगरी 'सिमली छायाँमा बसी...' जस्ता लोकप्रिय गीतहरूको माध्यमले जीवन शर्माले हजारौँ युवाहरूलाई प्रोत्साहित गरिरहनुभएको थियो । क. रायनका विषयमा मैले धेरै भनिरहनु पर्दैन । उहाँले दशकौँदेखि क्रान्तिका पक्षमा पैरवी गरिरहनुभएको छ । रायन कहिल्यै नझुक्ने नाम हो । उहाँले राल्फाकालदेखि निरन्तर क्रान्ति र समाज रूपान्तरण तथा राष्ट्रियताका पक्षमा जनमत बनाउँदै आउनुभएको छ । खुसीराम पाख्रिन एकजना सहिद परिवार र जनयुद्धको योद्धा पनि हुनुहुन्छ । 'गैँती बेल्चा उचालेर, पहरालाई छिचोलेर, कालो बनको बीचैमा...' जस्ता चर्चित गीतहरूको माध्यमबाट खुसीराम पाख्रिनले क्रान्तिको काममा निरन्तरता दिनुभएको छ । त्यसैले आज हामीले सम्मान गर्न लागेका पात्रहरू देशकै सम्मानित नागरिकहरू हुनुहुन्छ । उहाँहरूलाई सम्मान गर्न पाउँदा हामी हर्षित र गौरवान्वित भएका छौँ ।

## पुँजीवादले विज्ञान र चेतनाको शोषण गरेको छ


### कञ्चन, नेता, नेकपा



समाज रूपान्तरणमा साहित्य र कलाको क्षेत्रबाट उहाँहरूले ठूलो योगदान गर्नुभएको छ । साहित्य, कलाका सर्जकहरूको सिर्जनाबाट समाजले, सबैले फाइदा लिने हुने तर उनीहरूको रक्षा र संरक्षणको दायित्व कसैले नलिने समस्या भएको छ । अग्रजहरूको त्यस्तो अवस्थाले नयाँ पुस्तालाई निराश बनाएको छ । हामी त्यसलाई चिर्न चाहन्छौँ । यो पुँजीवादी उपभोक्तावादी संस्कृतिको उपज हो । सर्जकहरू विज्ञान र चेतनाका आविष्कारक र निर्माता हुन् । उनीहरूको आविष्कार प्रयोग गर्ने तर रक्षा नगर्ने अपराध पुँजीवादले गरिरहेको छ । मजदुरको श्रम लुटेर, खोक्रो पारेर फालिएजस्तै बौद्धिक श्रमलाई पनि पुँजीवादले दुरुपयोग गरिरहेको छ । हामी त्यसप्रकारको अवस्थालाई समाधान गर्न चाहन्छौँ ।

## पुस्कार दिने हातहरू सफा हुनुपर्छ

### रायन, वरिष्ठ जनसंस्कृतिकर्मी



धनी र गरिब बराबर हुन्छ भन्ने थाहा पाएपछि म कम्युनिस्ट पार्टीमा लागेको हुँ । मेरो गाउँ पहाडमा पनि अरू ठाउँमा जस्तै ठूलाठालुको उत्पीडन थियो । म त्यसबाट मुक्ति चाहन्थेँ । स्वतन्त्रता पाइन्छ भन्ने लोभले कम्युनिस्टतिर आकर्षित भएको थिएँ । मलाई कसैले यो बाटो हिँड भनेर हिँडेको पनि होइन । २०१९ सालमा म ओखलढुङ्गाबाट नेपाल आएँ । आजजस्तो काठमाडौँ उसबेला थिएन । नेपाल थियो । रेडियो नेपालको लोकगीत प्रतियोगिता कार्यक्रममा सगरमाथा अञ्चलका तर्फबाट प्रतिनिधित्व गरेर रामेश र म आएका थियौँ । हामी गाउँले केटा गीत गाउन जाँदा नै धक लाग्थ्यो । त्यसबेला धर्मराज थापा र माधवप्रसाद घिमिरे प्रतियोगिताको सेन्सरमा रहेछन् । उनीहरूले 'ल है केटा हो गीत गाओ' भने -

'गाई चर्ने चौरमा भैँसी पो चर्‍यो,  
बनको राजा कुसुन्डोलाई राजा भन्नु पर्‍यो'

बोलको गीत सुनायौँ । "धत् केटा हो यस्तो पनि गीत हुन्छ ? चेन्ज गरेर आओ" भनिदिए । त्यसबेला भर्खरै पञ्चायती व्यवस्था आएको थियो । पञ्चहरूले 'गाई चर्ने चौरमा भैँसी पो चर्‍यो' पङ्क्तिलाई प्रजातन्त्रको स्थानमा पञ्चायत र राजालाई बनको राजा अथवा कुसुन्डो भन्ने अर्थ लगाएछन् । त्यसपछि हामीले थोरै परिवर्तन गरेर-

गाई चर्ने बनमा भैँसी पो चर्‍यो  
मै हुँ भन्ने सान्नानीलाई हजुर भन्नु पर्‍यो'

बनाएर सुनायौँ । त्यसपछि हामी प्रतियोगितामा प्रथम भएका थियौँ । त्यसबेला हामी रेडियो नेपालको 'सेन्सर' मा परेका थियौँ । कुर्सीमा पात्रहरू बदलिएका छन्, हामीमाथि सेन्सर यथावत् छ । उसबेला रेडियो नेपालमा एउटा गीत गाएको दस रुपैयाँ दिन्थे । त्यत्तिमा पनि भ्रष्टाचार गरेर थोरै पाइन्थ्यो । महिनौँ तलब नलिई काम गर्नुपर्थ्यो । २०१९ सालदेखि २०२३ सम्म हामीले रेडियो नेपालमा काम गर्‍यौँ । त्यसमा भएको अन्याय, शोषण र हेपाइका कारण विद्रोह गरेर राल्फा बनायौँ ।

रेडियो नेपालबाट विद्रोह गर्नुअगाडि नै पारिजात दिदीसँग सम्पर्क भएको थियो । दिदीले हामीलाई भेट्न खोजेको खबर आयो । तर हामीलाई विश्वास लागेन । त्यसबेला पारिजात निकै चर्चित हुनुहुन्थ्यो । राम्रो घरमा बस्ने, असाध्यै राम्री र वयस्क दिदी उसबेलाको स्थापित मदन मेमेरियल विद्यालयमा शिक्षण गर्नुहुन्थ्यो । उहाँको निवासमा भूपी शेरचनलगायत चर्चित लेखकहरूको जमघट हुन्थ्यो । असजिलो मान्दै, हच्किँदै एक दिन रामेश र म दिदीको घरमा गयौँ । दिदीले हामी गाउँले केटालाई माया गर्नुभयो । लामो कुराकानी भयो । हामी प्रभावित हुने नै भयौँ । जाने बेलामा दिदीले 'सिंहदरबार आउँदाजाँदा बाटो नकाट्नु है, म तपाईंहरूको फ्यान हुँ क्या' भन्नुभयो ।

राल्फा बनेपछि हामी रेडियो नेपाल र राष्ट्रिय नाचघरबाट अलग भयौँ । उसबेलाकी शून्यवादी, विसर्जनवादी पारिजात, प्रगतिवादी साहित्यकी नक्षत्र बन्नुभयो । म त्यो बाटोमा अहिले पनि छु । मलाई कसैले पनि लोभ्याएर नबिगारोस् । मैले थुप्रै पुरस्कार अस्वीकार गरेको छु । जब कि राष्ट्रपतिले समेत सम्मान गर्ने प्रस्ताव गरेका थिए । मलाई पुरस्कार दिने हातहरू पनि सफा हुनुपर्छ ।

म वेदना सांस्कृतिक परिवार, इन्द्रेणी सांस्कृतिक समाज हुँदै आएको हुँ । म आफ्ना साङ्गीतिक अनुयायहीहरूलाई पनि आदेश-उपदेश दिने गर्दिनँ । व्यक्तिको आफ्नै दिमाग छ र उसको स्वतन्त्रता छ । मैले यो पार्टीलाई हेरिरहेको छु । हिजोका क्रान्तिकारीहरू आज जिउँदा छन् कि लास भैसकेका छन् ? तिनीहरूले सत्ता स्वार्थका लागि केके गरिरहेका छन् ? म ती सबै हेरिरहेको छु । म अझै तपाईंहरूलाई हेरिरहेको छु । मलाई अभिनन्दन गर्नेकै विरुद्ध भोलि बोल्नु नपरोस् । पलाउँदै गएको विश्वासमा धोका नहोस् । म बिग्रेको छैन र तपाईं नबिग्रनुस् । जहाँ दुःख छ, पीडा छ त्यहीँ कम्युनिस्ट पार्टी हुनुपर्छ । हाम्रो रातो झन्डालाई फोहोरी हातले छुन नपाओस् ।

## चुसाहाका विरुद्ध लडिरहन्छु


### जेबी टुहुरे, वरिष्ठ गीतकार



पुराना कलाकार, साहित्यकारलाई सम्मान गर्ने यसप्रकारको सोचाइबाट अरूले पनि सिक्नुपर्छ । २०६६ सम्म पनि म त नेकपा (एमाले) मा नै थिएँ । धेरै कुरा बुझेको पनि थिइनँ । म माओवादीमा लाग्नासाथ पार्टी फुट्यो । त्यसले दुःखित बनायो । जनतामा कम्युनिस्ट पार्टीप्रति विश्वास छ । मैले भ्रष्टाचारका विरुद्ध गीत बनाएको छु । म त्यो गीत गाउन चाहन्छु । माकुराले आफ्नै आमालाई घेरेर मारेर खान्छ । त्यसैगरी भ्रष्टाचारीले आफ्नो र अरूको भन्दैन । माकुराका बच्चाहरूले आमालाई घेरेर मारेझैँ मार्छन् । भ्रष्टाचारी त्यस्तै हो ।

## क्रान्तिकै लागि लडेर मरौँ जस्तो लागेको छ

### खुसीराम पाख्रिन, वरिष्ठ गायक तथा सहिद पिता



कम्युनिस्ट केन्द्र बनोस् भन्ने जनताको चाहना भए पनि तत्काल त्यसको सम्भावना कम छ । म प्रचण्ड समूहतिर जाँदा छोरोको रगतमाथि खेलबाड गरिस् भन्नेहरू नै अहिले प्रचण्डतिर लागेका छन् । मरे मर्ला क्रान्तिकै पक्षमा उभिएर मरौँ जस्तो लागेको छ । छोराको सहादतको खबर सुन्दा भन्दा पनि पीडा अहिले भएको छ । सपनाको हत्या निकै पीडादायी हुँदो रहेछ । 'कालो बनको बीचैमा' गीत लेख्दा रोएको थिएँ । शान्तिप्रक्रियामा आएपछि फेरि रोएँ । ससाना नानीहरूको भविष्य हेरेर यिनीहरूको अवस्था पनि भोलि मेरोजस्तै होला भनेर पीडा हुन्छ ।

## बन्दुक बोक्ने हातहरू सुन्दर हुन्छन्

### जीवन शर्मा, अध्यक्ष, रक्तिम परिवार



अग्रजहरूले हामीलाई प्रेरणा दिनुभएको छ । उहाँहरूप्रति सम्मान छ । सभाकक्षमा कलाकारहरूलाई गीत गाउन लगाउने र मञ्चबाट ओर्लेपछि हेला गर्ने परम्परा तोडिएको छ । यस्तो परम्पराले निरन्तरता पाओस् । रायन दाइले भनेझैँ यो पुरस्कार किन थापिएछ भन्नुपर्ने नहोस् । म पनि यो कार्यक्रममा जाँदा के हुन्छ ? नजाँदा के हुन्छ ? पुरस्कार दिने हातहरू कस्ता हुन् ? धेरै सोचेपछि आएको हुँ । यी हातहरूले भ्रष्टाचार गरेका छैनन् । राष्ट्रघात गरेका छैनन् र भोलि पनि नगर्लान् भन्ने लागेर आएको हुँ ।

२०३५ सालमा वेदना परिवारमा लागेँ । त्यहाँको पार्टीले रायन, पारिजातलाई एउटा पत्र लेखिदिएको थियो । त्यही पत्र बोकेर काठमाडौँ आएको थिएँ । आजपर्यन्त यहीँ छु । क्रान्तिकारीहरूले हाम्रो झन्डाको रक्षा गरी लिएर जानेछन् । मलाई थाहा छ, राष्ट्रघाती हातहरू फोहोरी र कुरूप हुन्छन् । श्रमिकका हातहरू सुन्दर हुन्छन् । बन्दुक बोक्ने हातहरू झनै सुन्दर हुन्छन् ।

## अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ

### पूर्ण विराम



कोइलाबासकै उजाड नरमाइलो बस्ती भएर  
खोप्राहरू लछारिएका छन् र पाछिएका छन्  
परिचित भवनका दलिनहरू सड्दै मक्किन थालेका छन्  
झन्डामा छेर्न थालेका छन् माकुराहरूले  
र भान्छामा रगरगाउन थालेका छन् छेपाराहरू  
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ  
दाम्लो छिनाल्दै गाईहरू भाग्न थालेका छन्  
र गोठमा अर्नाहरू एकत्रित भएका छन् ।

एउटा घेरामा भने हरपल व्यञ्जन बर्सिरहेको छ  
अर्को घेरामा भने उही पुरानो ताप्केमा  
घुन मिसिएको पिठो पानीभित्र छड्किरहेको छ  
गाउँमा झिना औँलाहरूले फापरको सागलाई चिमोटिरहेका छन्  
सहरभित्र अवतरित औँलाहरू दिनप्रतिदिन मोटाइरहेका छन्  
र चाँदीको चम्चाले पाक्दै गरेको च्याउलाई चलाएर जाँच गरिरहेका छन्  
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ  
कमिलाहरू मर्न थालेका छन् र अजिङ्गरहरू  
महोत्सव मनाउने तयारीमा आरामगृहमा आराम फर्माइरहेका छन् ।

भीरहरू खोजिरहेका छन्- जोन अफ आर्कहरूलाई  
र नदीमा मिसिएका कुलाका पानीहरूले  
कामै नलाग्ने बनाएका छन्- नेत्र अभागीका कविताहरूलाई  
बतासका ओढ्नेहरूले गुटमुट्याएका छन्- लुसी ग्रेहरूलाई  
र बेपत्ताको पोकोलाई अबिरको पहिरोले थिचेको छ  
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ  
ऋषेश्वरको इतिहासमा आगो लाग्न थालेको छ  
र एक धुर मात्र जमिन जित्ने सिकन्दरका दम्भहरूले  
सगरमाथाकै चुचुरो चढेको घोषणा गरिरहेका छन् ।

चिप्लेकीराहरूले हरेकलाई चिप्लेकीराकै जुनीमा आबद्ध हुन  
सनासो बोक्न धम्क्याइरहेका छन्  
नमान्नेलाई दुम्सीको काँडाले घोचिदिने आतसबाजी उडाइरहेका छन्  
मुर्दाहरू नै मुर्दाको मलामी गइरहेको यस्तो दृश्य कहिल्यै देखिएन  
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ  
कृत्रिम फूलहरू नयाँ कोट लगाउनेहरूले आफ्नो कोटमा घुसारेका छन्  
र दमनाहरू नौलो दमनको अदृश्य पाङ्ग्रोमा किचिएका छन् ।

अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ  
यो तातो अलकत्राभन्दा पनि तातो  
मनहरू पोल्ने आगोको भट्टीजस्तो छ  
जाकेरीहरूले पाएका छन् भीसी तक्माहरू  
र वीर सिपाहीहरूको रोदनले वातावरणहरू भरिभराउ भएका छन्  
भैँसीको टाउको शरीरमा झुन्ड्याउनेहरूलाई  
अलपत्रमा परेको युद्धको नतिजा राम्रो छ  
मानिसको नै टाउको बोकेर विचरण गर्न चाहनेलाई  
यो हेमलकभन्दा एकदम विषाक्त छ  
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ ।

वर्ष २, अङ्क ४४, पूर्णाङ्क ९२ रातो खबर साप्ताहिक

# हिरासत र जेलका ती दिन



विवस राई

चुनौति र अवसरको द्वन्दात्मक संयोग नै सायद इतिहास निर्माणको अपरीहार्य बाटो हो । र यो अपरिहार्यता क्रान्तिकारीहरुको दायित्व पनि । दश बर्षे महान् जनयुद्धले नेपाली समाजको राजनैतिक तथा साँस्कृतिक रुपान्तरणमा जुन अवसरहरु प्रदान गर्‍यो त्यो त्यति सजिलै अवश्य प्राप्त भएको थिएन। त्यसकालागि रगत, आँसु र पसिनाको कति मुल्य चुक्ता गर्नु पर्‍यो ? त्यो त सहिदका आफन्तजन, घाईते योद्धाहरु र इमान्दार कार्यकर्ताहरुलाई मात्र सबभन्दा धेरै अनुभूत छ । तथापि त्यो महाअभियान जब बिचैमा अलपत्र पर्‍यो त्यसको पिडा पनि कम कष्टकर रहेन । यहि पिडाबोध र जिम्मेवारीवोधलाई जब एउटा नयाँ कार्यदिशामा हामिले संश्लेषण गर्‍यौं तब फेरी अर्को पटक चुनौति र अवसरको द्वन्दवादलाई शिरपर गर्‍यौं । अझ भन्ने हो भने यतिबेलाको स्थितिमा चुनौतिहरुलाई नै बढि आत्मबोध गर्‍यौं ।

एकीकृत जनक्रान्तिको दुन्दुभिसँगै जब हामीले चुनौतिहरुसँग लल्कार गर्दै अघि बढ्यौं त्यसको एक प्रत्यक्ष भागिदारीको अवसर मलाई पनि आईपुग्यो, जुन दिन थियो २०७२ मंसिर २२ । हाम्रो कार्यदिशाको प्रमुख निशाना थियो दलाल पुँजिवाद । दलालहरुभित्र पनि हद नाघेका घरेलु दलालहरु पहिलो निशानामा पर्नेमा कुनै दुबिधा भएन । देशव्यापी छानिएका दलालहरुमाथि पार्टीको तर्फबाट कार्बाहीहरु जारी थिए । पूर्वी नेपालको झापा जो दलाल पूजिवादको एउटा प्रमुख अखडा हो, २०७२ मंसिर ६ गते त्यहाँ स्थित साकम्बरी गुट्खा प्रा.लि. हाम्रो पार्टीको निशानामा पर्‍यो । साकम्बरी एक अबैधरुपले संचालित कम्पनी हो । हाम्रो सुचनामा त्यहाँ काम गर्ने अधिकांश कामदारहरु र मेनेजर भारतीय थिए । त्यहाँ प्रयोग गरिने कच्चा पदार्थ (सुपारी) बंगलादेशबाट निर्यात गरिन्थ्यो । त्यहाँ प्रयोग गरीने कच्चा पदार्थहरुमा कतिपय मानव स्वास्थ्यमा अत्यन्त प्रतिकुल असर पार्ने खालका अखाद्य वस्तुको समेत प्रयोग हुन्थ्यो । पार्टीको योजनालाई लागु गर्न, जनता र मजदुरको हक अधिकारको रक्षा गर्न उक्त कम्पनीमाथि हाम्रो पार्टीले चेतावनीस्वरुप मंसिर ६ गते भौतिक क्षति हुने गरी कार्बाही गर्‍यो ।

तत्कालिन झापा जिल्लाको जिम्मेवारी मेरो नै थियो । पार्टीको नीति अनुरुप कार्बाहीको औपचारिक जिम्मेवारी मैले नै लिएँ । व्यापारीहरुबीचमा रहेको चरम अन्तरविरोधका कारण शुरुमा हाम्रो पार्टीले लिएको जिम्माप्रति अविस्वास थियो । हामीले जिम्मेवारी लिए पनि घटनामा प्रत्यक्ष संलग्नकर्ताको वारेमा समेत अन्यौलता नै थियो । तर, योजनाको कार्यान्वयनमा रहेको अपुगताका कारण छुट्न गएको मोटरसाईकलको कारण प्रहरीले हामीलाई पछ्याउन सजिलो भइदियो ।

पार्टीको नीति कार्यक्रमवारे कार्यकर्ता र जनता प्रशिक्षित गर्न मेची व्यूरोको एकीकृत मेची जागरण अभियान संचालन भईरहेको थियो । हामी शहरबाट गाउँमा पार्टी बिस्तारको अभियानमा खटिइरहेका थियौं । उता प्रशासनले आफ्नो तर्फबाट अनुसन्धान कार्य तिव्र बनाइरहेको थियो । एक त उक्त दलाल कम्पनीले त्यहाँका दलाल पार्टीका नेताहरुलाई पोषिईरहेको थियो । त्यसको केहि न केहि भाग प्रहरीलाई पनि जान्थ्यो नै । अझ त पूर्व गृहमन्त्री तथा नेपाली काँग्रेसका तत्कालिन महामन्त्री कृष्ण सिटौलाको समेत उक्त कम्पनीमा सहभागिताको बाक्लो प्रचार भइरहन्थ्यो । सायद यिनै केहि महत्वपूर्ण कारणहरुले होला हाम्रो पार्टीप्रति उनीहरु धमरधुस लागिरहेका थिए । कार्बाहीवारे राजनैतिक रुपले, राष्ट्रियताका हिसाबले, जनजीविकाका हिसाबले मिश्रित प्रतिकृयाहरु आइरहेका थिए । मुलभूतरुपमा भने कार्बाही सही हो भन्ने निश्कर्ष अधिकांस जनतामा परेको थियो । राष्ट्रिय पुँजीपतिहरुलाई यसले अझ राम्रै राहत दिएको थियो ।

पार्टीको अभियानकै दौरानमा लिम्बुवान स्वायत्त जनपरिषद् घोषणाको मिति तय भयो, मंसिर २२ गते । प्रमुख अतिथि पदम राई, मेची उपव्युरो इन्चार्ज नविन र व्युरोअन्तर्गतको जिल्लाका सबै सेक्रेटरीहरु समेत सो कार्यक्रममा सहभागि हुने भन्ने थियो ।

२०७२ मंसिर २१ गते साँझ झापाबाट विद्यार्थी नेता नविन अधिकारी र म इलाम तर्फ लाग्यौं । मलाई प्रशासले निकै खोजिरहेको थियो । म अर्धभूमिगत शैलीमा हिडिरहेको थिएँ । २२ गते विहान मलाई कार्यक्रम स्थल ईलामको जौबारीमा छोडि नविन भाई फिर्ता हुनुभयो । तर, फर्किंदै गर्दा इलामको कन्यामबाट उहाँलाई गिरफ्तार गरिएछ । उहाँ र मेरो फोन सम्पर्कको आधारमा स्थान पत्ता लगाई बैठक स्थलमै प्रहरी पुग्यो । प्रहरी जब हाम्रो कार्यक्रम स्थलमा पुग्यो अत्यन्त अमर्यादित र गुण्डागर्दी शैलिमा हामी माथि आक्रमण गर्‍यो । एउटा आतंकको रन्को कार्यक्रम स्थलमा फैलियो । कार्यक्रम एउटा गोठ पुरानो खाली गोठमा भइरहेको थियो । प्रहरीहरु हातहातमा पेस्तोल लिएर कोहि पनि नचल भन्दै भित्र पसे । यस्तो परिघटना सायद विगत युद्धकालमा पनि कमै जनताले ब्यहोरेका थिए होलान् ।

कम्युनिस्ट क्रान्तिकारीहरु सबै कुरालाई बलिदान दिन तयार, सबै दुःख कष्ट र हैरानी उठाउन तयार भइसकेपछि यो प्रकृया अनिवार्यसहितको आवश्यकता नै हुन्थ्यो, क्रान्तिको रथलाई गन्तव्यमा पुऱ्याउन । किनकि जीवन आफैं एउटा संघर्ष र संयोगको एउटा पुञ्ज हो । मेरो सामु हिरासतको जीवन फेरी उपस्थित भइसकेको थियो । यसअघि युद्धकालमै ब्यहोरेको भारतीय जेल जीवनका प्रसंगहरु मष्तिष्कमा फेरी रिल झैं घुम्न थाले । हुन त एक मनले भनिरहेको थियो यो युद्धकाल त होईन, हिरासतमा लिए पनि के नै पो गर्ला ? यो विदेश पनि त थिएन ? तै पनि प्रतिक्रियावादीहरुको फन्दामा पर्दा नहुनु पर्ने के नै पो बाँकि रहन्छ र ? यिनै प्रश्नहरुको घनचक्करमा फन्को मार्दै प्रहरी भ्यानमा म हुइँकिरहेको थिएँ । उता साथीहरुलाई कस्तो अनुभूति भयो होला ? कार्यक्रम भाँडियो होला कि ? त्यसको पनि पिरलो भइरहेको थियो ।

कडा निगरानीको बीच मलाई सरासर झापा जिल्लाको धुलाबारी इप्रका पुर्‍याइयो । त्यहाँ पुगेपछि थाहा भयो अन्य कमरेडहरु पनि गिरफ्तार पर्नुभएको रहेछ कमरेड पुष्प अधिकारी, चमकलाल माझि र नविन अधिकारी । यस्तो लाग्थ्यो क्रान्तिकारीहरुलाई परीक्षाको घडि पटकपटक आइरहन्छ । यद्यपी कुनै परीक्षा विशिष्ट प्रकारको र कुनै अलि सामान्य खालको हुन्छ, बस् । म यो परीक्षा दिन तयार थिएँ । जसले आफूलाई अझ बढि परिपक्क, समाज विज्ञानको प्रयोगमा थप केहि अनुभवि बनाओस् । मैले आफूलाई मानसिक रुपमा जस्तो सुकै खराब अवस्थाको पनि सामना गर्न तयारी हालतमा राखेँ ।

पौष यामको चिसो सिरेटो, सिमेन्टको छिँडि । एउटा कोठामा साथीहरुलाई घटनाको बारेमा पालैपालो सोधनी सुरु भयो । २ जना कमरेडहरुको ठिकै रह्यो । एक जना कमरेडबाट थोरे अपरीपक्वता प्रस्तुत भयो । मलाई अर्कै कोठामा राखिएको थियो । यातनाको श्रृङ्खला सुरु भयो । यातनादिँदा निस्किएको चित्कारहरु नेपथ्यबाट हैन, थाहा छैन यस्तै यस्तै सुनिन थाल्यो । म आफूले पनि तीनै जना कमरेडहरुको प्रस्तुतिको आधारमा पार्टी नीतिको आधारमा त्यो यातना सिविरमा जवाफ दिनै पर्थ्यो । त्यो बाध्यता एउटा जबर्जस्त आवश्यकता बनेर उभिएको थियो मेरो सामुन्ने । दलाल पुँजीवाद र राष्ट्रियतालाई आधार बनाएर बयान दिन मैले आफूलाई दृढ बनाएँ । मनमा अठोट गरेँ यो अग्नी परीक्षामा सफल हुनेछु ।

तीन जनाको यातना बयान सकिएपछि एसपी ठाकुर प्रसार ज्ञवालीले मलाई आएर भने विवशजी कसरी बयान दिनुहुन्छ मिलाउनु होला । संस्थाको कुरा, व्यक्तिको कुरा के हो तपाईलाई सिकाउनु नपर्ला है भनेर हात मिलाई उनी छुट्टिए । उनीसंगको यो मेरो तेस्रो भेट थियो । पहिला नै चिनजान, भेटघाट भइसकेकोले होला सहजताको नखरा उनले गर्नैपर्थ्यो सायद । जब रातको साढे नौ बज्यो, मलाई एउटा सिपाहीले बोलाएर भित्र कोठामा लग्यो । आलिसान जस्तो देखिने सजिसजाउ कोठाभित्रको प्रहरी अनुसन्धानमा सहभागि गराइएँ । प्रहरी उपरीक्षक भिम दाहालको नेतृत्वमा आधा दर्जन प्रहरीहरु अनुसन्धानमा थिए । मनमा लागि रहेको थियो यो त एउटा राजनैतिक विषय हो, यो कुनै व्यक्तिगत र अपराधिक कुरा होईन, कति पो अपराधिक ब्यवहार गर्लान् ? जब अनुसन्धान प्रकृया सुरु भयो, डिएस्पि भिम दाहालले शुरु गरे सबै हामीलाई सबै कुरा थाहा भैसक्यो के गर्ने ? मैले पार्टीको नीति बारे केहि कुरा राख्न शुरु मात्र के गरेको थिएँ दाहालजिको गर्जनाले कोठा रन्कियो यो भाषण गर्ने र प्रशिक्षण दिने ठाउँ होइन । तै पनि म बोल्दै गएँ यो कार्वाहीको विषयमा पार्टी जानकार छ, पार्टीले गरेकै हो, गर्छ र गरिन्छ । बरु तपाई हामी सबै मिलेर गरौं ।



*आफैं आफ्नो कानुनको धज्जी उडाइरहेका उनीहरुले विना पक्राउ पुर्जी त्यतीका दिनसम्म हिरासतमा राखेर बल्ल पो सार्वजनिक गर्दैं थिए । हामीलाई आफन्त जन, पार्टीका नेता, कार्यकर्ता र सहयोद्धाहरुबाट अलग बनाइयो । आजको विज्ञान र प्रविधिको युगमा सुचनाको हकसम्म नदिने यो राज्यको नीति देख्दा लाग्थ्यो १७ औं सताव्दीका कुख्यात कैदी बन्दी हौं जसलाई अधिकार प्राप्तीको खातिर संघर्ष गर्दा सपूंर्ण अधिकारबाट बञ्चित गरिन्छ ।*

मेरा तर्कहरुले केहि प्रहरीहरु गम्भिर भए । केहि भने उन्मत्त भएर बोल्न थाले कानुनलाई हातमा लिएर राजनीतिको नाममा अपराधिक गतिविधि गर्ने छुट कसैलाई छैन । उनीहरु आफ्नो मिसनमा अघि बढ्न थाले । अब उनीहरु बोल्न दिने पक्षमा थिएनन् । आँखामा पट्टी बाँधियो । कट्टुबाहेक सर्वाङ्ग नांगो बनाईयो । ज्यान त सहि रहेछ है भन्दै यातनाका पर्रा शुरु गरियो । मुखमा कपडा बेरेर पानी छम्कने, मन लाग्दी कुट्ने सबथोक गरियो । गोली र बमका छर्राहरुले धरासायि ज्यान कैयौं बेला अनायास निस्किने पीडाका चित्कारहरु म रोक्न सक्दिनथेँ । निसासिदै, अरट्ठीदै करीब दुई घण्टाको समय पश्चात् रातको साढे बाह्र बजे म माथिको बर्बर अनुसन्धान त्यो दिनका लागि पुरा भयो । यो बाट केही कुरा आउँदैन, मान्छे ज्याद्रो रैछ, उनीहरुबाट बेलाबखत गरीने प्रतिक्रियाले मनमा गौरव बोध हुन्थ्यो, हो त हामी तिमी जस्तो कहाँ हो त ? त्यहि भएर त तिमी र हामीमा फरक छ, आकास र जमिनको फरक छ ।

हामीलाई थाहा छ युद्ध भनेको कुनै भोज भतेर होइन । यो त असिम त्याग र वलिदानको यात्रा हो । यो जरुरी प्रकृया हो । वर्ग संघर्षको यात्रामा गरिएका यि संस्लेषणहरु वास्तवमै हामी कम्युनिस्ट क्रान्तिकारीहरुको निम्ति प्रेरणा, उत्साह, आशा अनि विश्वासका आधार थिए । प्रतिवद्धताका मन्त्र थिए ।

हामी आफ्नो उद्देश्य प्राप्तिका लागि आफ्नो वर्गप्रति बेइमान बन्न सक्दैन थियौँ । हामी जनताको अधिकार प्राप्तिका निम्ति, जनताको जीवनमा सुख, समृद्धि र प्रगति ल्याउनका निम्ति, वैज्ञानिक समाजवादको महान् आदर्शलाई अवमुल्यन गर्न सक्दैन्थ्यौं । हो, त्यसका लागि हामीले कठिन भन्दा कठिन पत्थरले भरिएको उकालो बाटो हिँड्नु पर्थ्यो । काँडा नै काँडाले भरिएको जंगलको यात्रा गर्नुपर्थ्यो । वर्ग दुस्मनका अनगिन्ती चक्रव्युहहरुलाई आत्मवलिदनकासाथ तोड्नु पर्थ्यो । हामी त्यही कोर्षमा थियौं ।

म यो कुरामा कटिबद्ध थिएँ । हो म यो कुरामा दृढसंकल्पित थिएँ । एकीकृत जनक्रान्तिको कार्यदिशालाई कार्यान्वियन गर्ने सन्दर्भमा संयोगबस परिएको यातनाको मोर्चालाई नयाँ अनुभव र प्रयोगको रुपमा ग्रहण गर्ने एउटा सुवर्ण अवसरको रुपमा मैले यसलाई ग्रहण गरेको थिएँ । मबाट कुनै पनि योजनारुपी गोपनियता प्राप्त गर्न नसकेपछि कस्तो जव्वर मान्छे रहेछ रातो घर (जेल) को विकल्प छैन यसलाई भन्दै उक्त इलाका प्रहरी कार्यालयबाट अर्का डिएसपी श्याम कृष्ण अधिकारीको कमाण्डमा रहेको काँकडभिटा प्रहरी हिरासत पठायो । त्यहाँ स्वास्थ्य जाँचको अर्को नाटक शुरु भयो । यातनाको कारण नविन भाईको दाँत भाँच्चिएको थियो । पुष्प अधिकारीको आँखामा रगत जमेको थियो । त्यसको जाँच र उपचार केहि भएन । स्वास्थ्य चेकको कथित कानुनी भाषा पुरा गरियो ।

रातको करीब १ बजेको हुनुपर्छ, हामीलाई मेची भन्सार नजिकैको अर्को प्रहरी हिरासतमा लगियो । सानो कोठा खचाखच बन्दी, प्रहरीको आदेशानुसार हामीलाई अलगअलग कुनामा सुत्न भनियो । थोत्रा कम्बलको भरथेग । बोलिको प्रतिबन्ध । त्यो रातको मंसिरे चिसोलाई अंकमाल गर्‍यौं । दोस्रो दिन विहानको प्रभाति किरणसँगै हामी व्युझियौं । थुप्रै समीक्षा, जिज्ञासा, कार्ययोजना भएको श्रृङ्खला र केही सिमा कमजोरीहरुवारे छलफल भयो ।

दोस्रो दिनको साँझ राती नौ बजेबाट लिखित अनुसन्धान सुरु भयो । यस्तो प्रतित हुन्थ्यो कुख्यात पञ्चायती व्यवस्थाको झलक यसले दिइरहेको छ । उनीहरुको कथित कानुनको कागजी भाषा पुऱ्याएर ३ दिनपछि चन्द्रगढि जिल्ला अदालतमा पक्राउ पुर्जी थमाएर पत्रकार सम्मेलन गरी हामीलाई सार्वजनिक गरियो ।

आफैं आफ्नो कानुनको धज्जी उडाइरहेका उनीहरुले विना पक्राउ पुर्जी त्यतीका दिनसम्म हिरासतमा राखेर बल्ल पो सार्वजनिक गर्दै थिए । हामीलाई आफन्त जन, पार्टीका नेता, कार्यकर्ता र सहयोद्धाहरुबाट अलग बनाइयो । आजको विज्ञान र प्रविधिको युगमा सुचनाको हकसम्म नदिने यो राज्यको नीति देख्दा लाग्थ्यो १७ औं सताव्दीका कुख्यात कैदी बन्दी हौं जसलाई अधिकार प्राप्तीको खातिर संघर्ष गर्दा सपूंर्ण अधिकारबाट बञ्चित गरिन्छ । दुःखेको बेला पनि ऐया भन्ने अधिकार दिईदैन । आँखाबाट आँसु आइरहँदा पनि झर्न दिईदैन, रोक्न लगाइन्छ र आँखामै सुकाउन भनिन्छ । आगोका लप्काहरु समाउन लगाउँदै भन्न बाध्य गरिन्छ कि यो सरोबर कति चिसो छ है । हामी यो भन्न सक्दैनौं । कालोलाई कालो र सेतोलाई सेतो, दिनलाई दिन र रातलाई रात भन्न पाउनुपर्छ भन्नु यहि त हो हाम्रो अपराध ।

पाँचौ दिन पार्टीका नेताहरु हिरासतमा पुग्नुभयो । वहाँहरु पार्टीले जारी गरेको विज्ञप्तीका साथ आई रिहाई प्रकृया अगाडि बढाउने आश्वासन दिनुभयो । हामी बन्द संसारमा कैद भइसकेका थियौं । पत्रपत्रिका पढ्नबाट वञ्चित, एकआपसमा बोल्न प्रतिवन्ध । एउटा सानो कोठामा कोचिएर बस्दासमेत एक आपसमा लगाइएको बोल्न प्रतिबन्ध कस्तो यातना होला ? जो सामान्य जीवनमा कल्पना गर्न गाह्रो हुन्छ । १५ दिनपछि मात्र सामान्य पत्रिका हेर्ने र बोल्ने मौका दिइयो । त्यसपछि पार्टीका नेता, कार्यकर्ता, आफन्त, घर परिवारको जमघट बाक्लिँदै गयो । दिनमा कोही न कोही भेटघाटमा आउने क्रम बाक्लियो । यही क्रममा ५ दिन पछि ५ वर्षकी छोरी सुनामी, मेरो जीवन संगिनी पनि हिरासतमा भेट्न आए ।

बाबा किन यहाँ बस्नु भएको ? घर जाउँ न । छोरीको अबोध प्रश्नले म केहिबेर जवाफहिन भएँ । उता जीवन संगिनीको आँसुको छचल्कोसहितको एकोहोरो स्तब्ध हेराइसंगै विना बोलचाल फर्किएको त्यो क्षण वास्तवमा निकै कठिन क्षण थियो । अरु कमरेडका परिवारहरु आउँदा पनि कहिँनकहिँ यस्तै पीडादायी क्षणहरु हुन्थे । हामीले आफूलाई पत्थर बनाएका थियौं, भावनाहीन, संवेनाहीन । किनकि त्यो हाम्रालागि एउटा कठोर बाध्यताा थियो ।

ति सबै घटनाक्षणहरु वास्तवमै कम कष्टकर र असह्य थिएनन् । म मनमनै सोच्थे मेरा प्रिय आफन्तजनहरु यो बेला आँसुको उपहार होइन उत्साहको ढाडस दिएर जाऊ । अँध्यारो अनुहार होइन मुस्कानको उत्प्रेरणा दिएर जाऊ । तर, असम्भव त्यो त सिर्फ मेरो मनको आशक्ति मात्र न थियो । आफन्तजनको पीडामा कसले पो अट्टाहस गर्न सक्दो हो र ? त्यो उनीहरुको अधिकार पनि त थियो । तर, मैले सधै उनीहरुलाई सम्झाउथेँ हामी अपराध गरेर यहाँ आएका होईनौं । हामी त यो राज्यको कालो चेहेरा बदल्न पो यहाँ आएका हौं । १० वर्षे महान् जनयुद्धमा कतिका श्रीमान्, कतिका बाबा, कतिको आमा, अनि दाजुभाईहरु सहिद भए । जसलाई हामीले भौतिक जगतमा पाउन सक्दैनौं । के उनीहरुका आँखामा आँसु थिएनन् ? के उनीहरुमा सम्बेदना थिएन ? यो हाम्रो महान यात्रामा ति मान्छेहरुको बलिदानलाई जगेर्ना गर्न हाम्रो पसिना र आँसुको अरु जरुरी पर्छ । समयले मागेको खण्डमा अर्को ठूलो बलिदान गर्न तयार बन्नु पर्छ । यो विकृत सत्ताको कुरीतिलाई जरैदेखि उखेल्नु छ । त्यसका लागि आवश्यक पर्छ भनेँ वर्षौं जेल बस्न तयार हुनुपर्छ । हामी पटक पटक मर्न चाहदैनौं । हामी सार्थक जीवन जिउन चाहन्छौं । त्यसैले हामीलाई माया गर्नेहरुले मन बलियो गर्नुपर्छ । रुवाइले मान्छेलाई झन् कम्जोर बनाउँछ । आँसु भनेको मान्छेको कमजोरी हो । यि र यस्तै भावनाहरु हामी हाम्रा आफन्त र परिवारजनहरुलाई साट्थ्यौं । तरपनि गह्रौं मन पारेर फर्किनुहुन्थ्यो वहाँहरु ।

# रेसम मार्ग समृद्धितर्फ



Helga Zepp-La Rouche

नयाँ, रेसम मार्ग आर्थिक क्षेत्र निर्माण गर्ने चीनको प्रस्तावमध्ये एसिया र त्यसभन्दा बाहिर सकारात्मक परिवर्तनको अगुवाइ गर्ने सन्तुलनको अवस्थामा छ । 'पेइचिङ रिभ्यु' को एक संवाददाताले हालसालै हेल्गा जेप ला रोउचे (Helga Zepp-La Rouche) सँग यस आर्थिक क्षेत्रबारे अन्तरवार्ता लियो । त्यस महत्वाकाङ्क्षी बुहराष्ट्रिय योजनाबारे हेल्गा जेपला रोउचेले आफ्नो विचार पोखिन् । उनी स्किलर संस्था (Schiller Institute) की संस्थापक र अध्यक्ष हुन् । उक्त संस्था संयुक्त राज्य अमेरिका र जर्मनीको आर्थिक र राजनीतिक दिग्गजहरूको चौतारी हो । अन्तर्वार्ताको पूर्ण विवरण यहाँ दिइएको छ ।

**पेइचिङ रिभ्यु** : क्षेत्रीय आपसी सहयोगको रूपरेखाका रूपमा यस नयाँ रेसम मार्ग आर्थिक क्षेत्रको सम्बन्धमा तपाईंको के विचार छ ?

**हेल्गा जेप ला रोउचे** : म यसबारे निकै नै खुसी छु किनभने यसले त विश्वको यस क्षेत्रलाई सकारात्मक बाटोमा रूपान्तरण गर्नेछ र त्यस क्षेत्रका जनताको जीवनस्तरलाई माथि उठाउनेछ ।

विश्वमै एउटा सामान्य मान्यता के छ भने नयाँ रेसम मार्ग मात्रै विश्व अर्थतन्त्रको अझ विशाल संयोजनको सुरुआत हो । यो अगुवाइबारे हामी धेरै नै खुसी छौँ किनभने यो सभ्यताको पूर्ण नयाँ युगको श्रीगणेश हो ।

**पेइचिङ रिभ्यु** : हालका दशकहरूमा आतङ्कवादजस्ता धम्कीहरूको कारणले मध्यएसियाली क्षेत्रले प्रमुख सुरक्षा र आर्थिक दबाबहरू झेल्नुपरेको छ । नयाँ रेसम मार्ग आर्थिक क्षेत्रको स्थापनाले यस क्षेत्रमा कुन तरिकाबाट प्रभाव पार्नेछ ?


**हेल्गा जेप** : १३ वर्षअगाडि नाटोको प्रवेश भएदेखि अफगानिस्तानमा लागूपदार्थ उत्पादन ४० गुणा बढ्यो । लागूपदार्थ उत्पादनको नाफा नै आतङ्कवादका लागि आर्थिक समर्थन (टेवा) भएको छ । मलाई के लाग्छ भने लागूपदार्थ ओसारपसारलाई निमिट्यान्न पार्न अफगानिस्तानका छिमेकी देशहरू चीन, रुस, भारत, इरान र अन्य देशहरूमाझ आशाजनक अन्तर्राष्ट्रिय आपसी सहयोग हुनुपर्छ । लागूपदार्थ ओसार पसारको समस्या त रुसका लागि प्रमुख सुरक्षा समस्या हो । अफगानिस्तानबाट हुने लागूपदार्थको बेचबिखनको परिणामस्वरूप रुसमा हरेक वर्ष हजारौँ हजारको ज्यान गइरहेको छ । यो त चीनका लागि पनि ठूलो सुरक्षा समस्या भएको छ किनभने लागूपदार्थ ओसारपसार गर्ने विभिन्न मार्गहरूमध्ये एउटा मार्ग सिनचियाङ भएर गएको छ । ताजकिस्तान, रुसको चेचनिया, पाकिस्तान र अफगानिस्तान भएर सिरिया, उत्तरअफ्रिका र मध्यअफ्रिकासम्मको सिङ्गो क्षेत्रमा यसले आतङ्कवादीहरूलाई पालनपोषण गरिरहेको छ । यो यस क्षेत्रकै स्थायित्वमाथि खतराको स्रोत भएको छ ।

यस क्षेत्रमा स्थायित्व कायम राख्न अन्तर्राष्ट्रिय प्रयास हुनुपर्छ किनभने हामीले नै यस सिङ्गो क्षेत्र र अफगानिस्तान, सिरिया र उत्तरअफ्रिकासम्म नै निकै सुदृढ 'युरेसियाली स्थल सेतु' को फैलावटको प्रस्ताव राखिरहेका छौँ । तपाईंहरूले त्यस क्षेत्रका जनतालाई प्रेरणा दिनुपर्ने हुन्छ र त्यसैगरी तिनीहरूलाई अझ राम्रो भविष्य प्राप्त हुने अवसरको उपयोग गराउनुपर्ने हुन्छ । लागूपदार्थ उत्पादनकार्यमा लाग्नु वा आतङ्ककवादलाई समर्थन गर्नुभन्दा पनि अझ राम्राम्रा प्रेरणादायक कार्यहरू छन् । यस्तो काममा लाग्दा पैसा दिइने हुनाले धेरै मान्छेहरू यसमा लागेका छन् । धेरैधेरै मान्छेहरू गरिब छन् । तपाईंहरूले सम्पूर्ण क्षेत्रलाई आर्थिक विकास सर्वेक्षण स्थलमा फेर्नुपर्ने हुन्छ । उक्त आर्थिक विकासको सर्वेक्षण स्थल त नयाँ रेसम मार्ग आर्थिक क्षेत्रबाट मात्रै आउन सक्छ ।

**पेइचिङ रिभ्यु** : यो आर्थिक क्षेत्रले मध्यएसियाको समग्र भूराजनीतिक अवस्थितिमा केकस्तो परिवर्तन ल्याउनेछ ? अन्तर्राष्ट्रिय समुदायमा यसको आशय के हुन्छ होला ?

सन् २०१३ डिसेम्बर २५ का दिन चीनको उत्तर पश्चिमी सिनच्याङ उइगुर स्वायत्त प्रान्त चीन-कजाखस्तान सीमा क्षेत्रमा कामदारहरू कजाखस्तानको लागि सामान मिलाउँदै

**हेल्गा जेप ला रोउचे** : मलाई के लाग्छ भने अहिले हामी पुरानो भूराजनीतिक विचारले बिल्कुलै काम गर्न छोडेको ऐतिहासिक क्षणमा उभिएका छौँ । ठीक अहिले हामी के देखिरहेका छौँ भने युक्रेनमा विकसित घटनाक्रमहरूबाट छिट्टै युद्धको खतरा भड्किँदैछ । पोल्यान्ड र रोमानियामा संयुक्त राज्य अमेरिका सुरक्षाप्रणाली र एइगिस दूरमारक क्षेप्यास्त्रहरू (Aegis Destroyer) स्पेन पठाइएको विषयलाई लिएर रुसबाट युक्रेनलाई अल्लग्याउने प्रयत्न भएको तपाईंहरूले देख्नुपर्ने छ । उक्त रक्षाप्रणालीले 'पहिल्यै आक्रमण गर्ने सिद्धान्त' लाई देखाउँछ । रुसीहरूले स्पष्ट शब्दमा के भनेका छन् भने तेस्रो र चौथो चरणमा निर्माण भइरहेको संयुक्त राज्य अमेरिकी क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीलाई स्वीकारिने छैन किनभने यसमा रुसको दोस्रोपटक प्रहार गर्ने (त्जभ क्भअयलम क्तचषभ) सामर्थ्यलाई त्यहाँबाट हटाउने लक्ष्य राखिएको छ । प्रशान्त महासागरमा ' हवाई समुद्री लगाईं सिद्धान्तको स्वरूपमा' चीनविरुद्ध पनि यस्तै काल्पनिक नीति रहेको छ । यसमा तपाईंहरूले चीनलाई आधारभूत रूपमै निःशस्त्र पार्नुहुन्छ भन्ने भ्रम रहेको छ । चीनले आफूलाई रक्षा गर्न असमर्थ छ भन्ने कुरालाई चीनले स्पष्ट रूपमा अस्वीकार गरेको छ । तपाईंहरू समग्र परिस्थितिलाई हेर्नुहुन्छ भने हामी तेस्रो विश्वयुद्धको सङ्घारमा छौँ । यो हाम्रो पूर्ण दृढ विश्वास हो र पश्चिम युरोपेली र संयुक्त 'राज्य अमेरिकाको वित्तीय प्रणाली कमजोर हुँदै जाने र प्रशान्त महासागर क्षेत्रका देशहरूले प्रगति गर्दै गरेको वास्तविकतालाई बुझेर जे पनि गर्न सकिन्छ । त्यस वित्तीय प्रणालीको पतन हुने नै छ । तपाईंहरू अर्थतन्त्रको जुवाको खालबाट मुक्त बन्नुहुन्छ भने यसलाई बचाउन सकिन्छ । सौभाग्यको कुरा के हो भने सबैजना यो युद्धलाई भड्काउनेतर्फ गइरहेका छैनन् ।




मध्यएसियाका देशहरू सामुन्ने एउटा प्रश्न खडा हुन्छ : एक मात्र उपलब्ध समाधानको अवस्थामा रहेको 'नयाँ रेसम मार्ग' मा तिनीहरू सहभागी हुन इच्छुक छन् वा छैनन् ? जातीय र ऐतिहासिक तनावको वित्तीय व्यवस्थाको समाप्ति र तेस्रो विश्वयुद्धको खतराको ठूलो विषयबाट विस्थापित हुनेछ । हामीले छिट्टै नै युद्धको दृष्टान्तलाई फेर्नु, युद्धको माध्यमबाट समस्या समाधान गर्ने विचारलाई परित्याग गर्नु, भूराजनीतिक दृष्टिबाट सोचविचार गर्ने काम बन्द गर्नु आवश्यक छ । हामीले मानव जातिको साझा लक्ष्यमा ध्यान केन्द्रित गर्नुपर्छ अन्यथा हाम्रो अस्तित्व समाप्त हुनेछ ।

हरेक दिन २ अर्ब मान्छेहरू भोकभोकै बस्छन् ? तीमध्ये धेरैजसो अफ्रिकाका साथै विकासशील देशहरूका छन् ? हामी सङ्कटको सँघारमा छौँ । मानव जातिको कुनै भविष्य छ भने आआफ्नो लाभदायक स्वार्थहरूलाई एकआपसमा सघाउने पूर्ण रूपले भिन्न बाटोबाट हामी हिँड्नुपर्ने हुन्छ । मलाई के लाग्छ भने 'युरोपेली स्थल सेतु' वा नयाँ रेसम मार्गमा युरेसियाको सम्पूर्ण भूपरिवेष्ठित क्षेत्रमा बसोबास गर्ने जनताको जीवनस्तर उठाउने विचार समेटिएको छ । यो विकासको नयाँ चरण हो किनभने हजारौँहजार वर्ष पहिलेका आदिमानवहरूको इतिहासलाई हेर्दा तिनीहरू समुद्रको छेउछाउमा बस्थे । पछि नदीनालाको छेउछाउमा बस्न थाले । नदीनालाको बीचबाट नहर र बाटोघाटोको माध्यमबाट मानिसहरूले भूपरिवेष्ठित क्षेत्रहरूमा कब्जा जमाउने काममा केही मात्रामा विकास गरे । यो प्रक्रिया अझै पूर्ण भएको छैन ।

युरेसियामा सजिलै पुग्न नसकिने अझ थुप्रै भूपरिवेष्ठित क्षेत्रहरू छन् किनभने ती क्षेत्रहरू जलमार्ग वा रेलमार्गको दृष्टिकोणबाट अझ विकास भएका छैनन् । अहिले त्यहाँ खाल्डाखुल्डी भएका फोहोर कच्ची बाटाहरू मात्र छन् । त्यसो भएर हामीले अर्को २०-५० वर्षसम्म धेरै काम गर्नुपर्ने हुन्छ । मलाई के लाग्छ भने निकै ढिलो हुनुभन्दा पहिल्यै जिम्मेवार मानिसहरूले आफ्नो सोचाइमा परिवर्तन ल्याउनु नै मुख्य कुरा हो ।

**पेइचिङ रिभ्यु** : विशेष गरेर ब्रिक्स (BRICS) सदस्य राष्ट्रहरूका उदीयमान अर्थतन्त्रहरू विगत केही वर्षदेखि विश्व अर्थतन्त्रको इन्जिन भएका छन् । तर केही अर्थविद्हरूले के कुरो औँल्याए भने विश्वव्यापी आर्थिक सङ्कटको कारणबाट उदीयमानहरू अर्थतन्त्रहरूको (अर्थनीतिहरूको) विकासको गति पनि सुस्त भएको छ । साथै तिनीहरूले के भविष्यवाणी गरेका छन् भने यी अर्थव्यवस्थाहरू (अर्थनीतिहरू) आर्थिक वृद्धिलाई कायम राख्न असक्षम हुनेछन् । के तपाईं तिनीहरूको विचारसँग सहमत हुनुहुन्छ ?


**हेल्गा जेप** : यो के कुरामा भर पर्छ भने तपाईं विश्वव्यापीकरणको प्रणालीभित्र रहनुहुन्छ भने भविष्य त्यति राम्रो देखिँदैन किनभने उक्त प्रणाली ठीक अहिले समाप्त हुँदैछ । संयुक्त राज्य अमेरिकामा अहिले पनि सङ्घीय डिपोजिट बिमा कर्पोरेसन (Federal Deposit Insurance Corporation) का उपाध्यक्ष थोमस होइङ्ग (Thomas Hoeing) जस्ता व्यक्तिहरू छन् । उनले के तर्क गरे भने अति ठूला र असफल बैंकहरूमध्ये एउटा वा दुईवटा बैङ्कहरू टाटपल्टिँदा (विश्व) अर्थप्रणाली नै टाट पल्टेको हुन्छ, बजार खडहरूको संयोजन (सम्बन्ध) को कारणले समग्र प्रणालीलाई तल झर्नेछ ।

लेहम्यान दाजुभाइ (Lehman Brothers) जस्तो एकताका प्रमुख बैङ्क नै टाटपल्टिने अवस्था उत्पन्न हुँदा समग्र प्रणाली तुरुन्तै विलुप्त हुनसक्छ भन्ने अनुमान गर्थे । केही मानिसहरू निम्दै गरेको ताराजस्तै समाप्त हुँदै गरेको आर्थिक व्यवस्थाबारे कुरा गर्छन् । हामी एउटा भिन्नै (आर्थिक) व्यवस्थामा जान्छौँ भनी अड्कलबाजी गर्ने, धेरैधेरै नाफा कुम्ल्याउने र जसरी पनि पैसा कमाउने सन्काहा विचारलाई त्याग्नु अत्यन्त जरुरी छ । यस्तो सन्काहा विचार गत ५० वर्षको अवधिमा विकास भएको हो । वास्तविक अर्थव्यवस्थामा ध्यान केन्द्रित गर्ने विचारतर्फ हामी फर्कनुपर्ने हुन्छ ।

नयाँ रेसम मार्गको विचार मध्यएसियामा मात्रै सीमित गर्नु हुँदैन यद्यपि सिङ्गो विश्वकै जीवनस्तर उठाउने धारणा बनाउनुपर्छ । यसको अर्थ के हो भने उदीयमान अर्थतन्त्रहरूको उज्यालो भविष्य हुनेछ रेसम मार्गको एउटा हिस्सा हुन्छन् र विकासमा सहभागी हुन्छन् भने । तिनीहरू व्यवस्थालाई आआफ्नो कार्यक्रममा राख्न सफल भएमा मलाई के लाग्छ भने उदीयमान नयाँ युगतिर हामी उन्मुख छौँ ।

नयाँ रेसम मार्गभन्दा भिन्नै एसियाका लागि 'अन्तरप्रशान्त महासागरीय साझेदारी'(TheTrans-PacificPartnership-TTP) र 'अन्तरआट्लान्टिक विश्वका लागि व्यापार र लगानी साझेदारी' (TTP अमेरिकी नेतृत्वमा सङ्गठित विश्व प्रभुत्व जन्माउने व्यापारिक साझेदारी हो जसमा चीनलाई बाहिर राखिएको छ -सम्पादक) (The Trans Atlantic Trade And Investment Partnership (TTIP) विश्व प्रभुत्वको दिशातर्फ सोँच्ची नै एकदम बढी अघि बढ्नेछ । त्यसमा ५०० ठूलठूला संस्थानहरूले विशेषाधिकार पाउनेछन् र नागरिक सरकारहरूको अधिकार घटाइनेछ । हामीले यस अवधारणाको विरोध गर्नुपर्छ किनभने यसले जनकल्याणमा सघाउँदैन बरु सबैभन्दा ठूलठूला ५०० वटा संस्थानहरूको सीईओ (CEO) को नाफालाई सघाउँछ । सबैभन्दा पछिल्लो तथ्याङ्कले के देखाउँछ भने ३.५ अर्ब (तीन अर्ब पाँच करोड) जनतासँग जति सम्पत्ति छ त्यत्तिकै सम्पत्ति संसारका सबैभन्दा धनी ८५ जना धनाढ्यहरूसँग मात्र छ । ३.५ अर्ब भनेको पृथ्वीको कुल जनसङ्ख्याको आधार हो । किन ८५ जनाले मात्र मानव जातिको आधा भाग्य खोस्छन् ? TTP/ TTIP ले यो असमानतालाई अझ बढाउनेछ । यसले त व्यापक जनताको भोकमरी र गरिबीलाई निम्त्याउनेछ । यी समस्याहरू सुरुमै झनझन् विकराल हुँदैछन् । त्यसो भएर सुधारको आवश्यकता झनझन् जरुरी भइसकेको छ ।

## प्रकाशित भयो ।



● पुस्तक परिचय

# विश्वयुद्धको नालीबेली


◆ चिन्तामणि घिमिरे



अत्यन्तै पढ्न र संग्रह गर्न लायक एउटा पुस्तक अहिले बजारका पुस्तक पसलहरूमा पाइन्छ । हेर्दा आकर्षक र सुन्दर देखिने उक्त पुस्तकभित्र रहेका विषयवस्तुहरू पनि अत्यन्त सुन्दर र मनमोहक देखिन्छन् । त्यो पुस्तक हो- प्रथम र दोस्रो विश्वयुद्ध ।

पुस्तकमा प्रथम विश्वयुद्धको पृष्ठभूमि देखिने लिग अफ नेसन्सको गठनसम्मको सम्पूर्ण वृत्तान्तहरू प्रथम विश्वयुद्ध भन्ने खण्डमा सिलसिलेवार र विस्तृत रूपमा व्याख्या गरिएको छ । यस खण्डमा युद्धमा मानव जातिले बेहोर्नुपरेको क्षति र सास्तीका बारेमा उल्लेख गरिएको छ । अस्ट्रियाली राजकुमार फर्निन्यान्ड र उनकी पत्नी सोफियाको सर्वियाली आक्रमणकारीद्वारा गोली हानी हत्या भएपछि सुरु भएको प्रथम विश्वयुद्ध २८ जुन १९१४ मा सुरु भइ ११ नोभेम्बर १९१८ मा समाप्त भएको घोषणा गरिएको थियो । यो युद्ध चार वर्षसम्म चलेको थियो । यो विश्वयुद्धमा जर्मनीको अत्यन्त ठूलो अपमान भएको देखिन्छ । भर्साइलको सन्धिमार्फत जर्मनी सेनालाई निःशस्त्र बनाउने उल्लेख गरिएको थियो । जर्मनीले आफ्ना सम्पूर्ण उपनिवेशहरू मित्रराष्ट्रलाई सुम्पनुपर्ने र ६५० करोड पाउन्डबराबरको नगद वा जिन्सी क्षतिपूर्तिका रूपमा तिर्नुपर्ने निर्णय गरियो ।

प्रथम विश्वयुद्धमा साम्राज्यवादी शक्तिहरू आपसमा लडिरहेको र कमजोर हुन पुगेको बेला रुसमा ७ नोभेम्वर १९१७ (२५ अक्टोवर) मा समाजवादी क्रान्ति सम्पन्न भयो । त्यसैको सेरोफेरोमा पूर्वी युरोपका कयौँ देशहरूमा समाजवादी क्रान्तिहरू सम्पन्न भए । प्रथम विश्वयुद्धले कम्युनिस्टहरूको एउटा सशक्त र बलियो ध्रुव खडा गरिदियो । प्रथम विश्वयुद्धमा दुई करोड निर्दोष मानिसहरू मारिएका थिए ।





दोस्रो विश्वयुद्धको भ्रूण प्रथम विश्वयुद्धको गर्भमा हुर्किरहेको थियो । जब जर्मनीमाथि भर्साइलको सन्धिमा जर्मनी सेनालाई निःशस्त्र बनाउने र जर्मनीलाई आफ्नो भूभाग र जनता गुमाउनुपरेको पीडाले अत्यन्त पोलिरहेकोथियो।जर्मनीहरूमा प्रतिशोधको भावना हुर्कँदै गइरहेको थियो । जुन पछि दोस्रो विश्वयुद्धका लागि कारकतत्व बन्न गयो । दोस्रो विश्वयुद्ध खण्डभित्र नाजीहरूको उत्थान र पतन, दोस्रो विश्वयुद्धको सुरुआत, शक्तिको ध्रुवीकरण, सोभियत सङ्घमाथि आक्रमणको तयारी, फासिवादविरोधी विशाल संयुक्त मोर्चा, एसियाली रणभूमिमा अमेरिकाको प्रवेश, जापानी साम्राज्यको पतन, दोस्रो विश्वयुद्धका प्रमुख पात्रहरूका बारेमा चर्चा, तेस्रो विश्वयुद्ध कसरी होला भन्ने आइन्स्टाइनको प्रश्नमा फ्रायडको उत्तर आदि कुरा सविस्तार उल्लेख गरिएको छ ।

दोस्रो विश्वयुद्धको सङ्घारमा जर्मनीमा हिटलरको जगजगी बढेको थियो । उसले जर्मनीका जनतासामु तीनवटा वाचाहरू घोषणा गर्‍यो : (क) प्रथम विश्वयुद्धमा गुमाएको जर्मनीको सम्मान एवम् राष्ट्रिय स्वाभिमान फिर्ता लिने (ख) एकताबद्ध तथा सम्पन्न जर्मनीको निर्माण गर्ने र (ग) चार वर्षभित्र यो वाचा पूरा नभएमा फाँसीमा झुन्डिने । दोस्रो विश्वयुद्धमा सर्मनाक हार बेहोर्नुपरेपछि हिटलरले फाँसीमा होइन, आफ्नो कन्चटमा पेस्तोलले हानेर आत्महत्या गरेका थिए आफ्नी प्रेमिका इभा ब्राउनसँगै बन्द कोठामा । एक हजार वर्षसम्म नाजीवाद लागू गर्ने र सम्पूर्ण विश्वमा जर्मनीको एकछत्र राज कायम गर्ने हिटलरको मिथ्या सपना अधुरो रह्यो जुन सपनालाई सोभियत लालसेनाहरूले ध्वस्त पारेका थिए ।

सन् १९१९ देखि १९३९ सम्म सोभियत सङ्घको विरोध गर्ने नाममा एकजुट भएका युरोपका इटाली, जर्मनी, फ्रान्स तथा एसियाको जापान विश्वयुद्धको कारक बन्न पुगे । १४ देश मिलेर सोभियत सङ्घमाथि एकैसाथ हमला गरे । सन् १९१९ को त्यो हमला अत्यन्त क्रूर र अमानवीय थियो । हिटलरलाई फ्रान्स, बेलायत र अमेरिकाले सोभियत सङ्घको विरुद्धमा आर्थिक र भौतिक सहयोग गरी नै रहे र उसलाई पुल्पुल्याएर हिटलर एक दिन उनीहरूका लागि साँप बन्नेछ भन्ने कुरा ख्याल गरेनन् । आखिर दूध पिलाएर पालेको साँपले उनीहरूलाई टोक्न थालेपछि अन्ततोगत्वा ती साम्राज्यवादीहरूले सोभियत सङ्घसँग हारगुहार माग्नुपरेको थियो । दोस्रो विश्वयुद्धमा सोभियत सङ्घ र स्टालिन हुँदैनथे भने सारा विश्वभर हिटलरको शासन कायम हुन सक्थ्यो । स्टालिनको कुशल नेतृत्व र सोभियत लालसेनाहरूको बलिदानबाट हिटलरको विश्व सम्राट बन्ने सपना ध्वस्त भएको थियो । १ सेप्टेम्बर १९३९ मा सुरु भएको दोस्रो विश्वयुद्धको महायज्ञ सन् १९४५ मा समापन गरिएको थियो । यो महायुद्ध ६ वर्षसम्म निरन्तर चलिरह्यो । यस युद्धपछि विश्वका कयौँ देशहरूमा मुक्ति आन्दोलन, राष्ट्रिय मुक्ति आन्दोलनहरू सफल भए । जर्मनी, चीन, कोरिया, मंगोलिया, भियतनामलगायत थुप्रै देशहरूमा कम्युनिस्ट सत्ता स्थापना भए । विश्वमा साम्राज्यवादको तुलनामा कम्युनिस्टहरू निकै शक्तिशाली भएर गए । झन्डै अढाइ करोड सोभियतहरूले यो युद्धमा आफ्नो प्राणको आहुति दिए ।

दुईजना भारतीय लेखकहरू विकास मुखर्जी र जेपी सिंहद्वारा लिखित यस पुस्तकलाई भोगीराज चाम्लिङले नेपालीमा अनुवाद गर्नुभएको छ । सहारा पब्लिकेसन प्रकाशक रहेको यो पुस्तकको प्रमुख वितरक भिजन डिस्ट्रिब्युटर्स रहेको छ । ३८८ पृष्ठ सङ्ख्या रहेको यो पुस्तकको मूल्य रू. ३९० रहेको छ । साजसज्जा र स्तरीय कागजमा छपाइ भएको यो पुस्तक इतिहास अध्ययन गर्न खोज्ने अध्येताहरूका लागि त्यति महँगो नठहर्ला । दुवै विश्वयुद्धका बारेमा नालीबेली थाहा पाउन र कारुणिक घटनाक्रमहरूलाई बुझ्न यो पुस्तक अत्यन्त महत्वपूर्ण साबित हुनेछ ।

# जनसांस्कृतिक योद्धा सम्मानको ऐतिहासिकता


खेम थपलिया

नेपाल कम्युनिस्ट पार्टी, केन्द्रीय समितिको आयोजना तथा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको संयोजनमा २०७४ वैशाख १३ गते राष्ट्रिय नाचघर, जमलमा 'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रम भव्यताका साथ सम्पन्न भयो । वर्षौंदेखि जनवादी गीत, सङ्गीत र कलाको माध्यमबाट आमूल परिवर्तनकारी कम्युनिस्ट आन्दोलनमा योगदान पुर्‍याएबापत कदरस्वरूप नेपाल कम्युनिस्ट पार्टीले पाँच स्रस्टालाई सम्मान गरेको हो । नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड नेत्रविक्रम चन्द 'विप्लव' ले जनवादी गायकहरू रायन श्रेष्ठ, जेवी टुहुरे, खुसीराम पाख्रिन, जीवन शर्मा र कवि पूर्णविरामलाई खादा ओढाएर जनही २५ हजार नगदसहित सम्मानपत्र प्रदान गर्नुभएको थियो । यो कार्यक्रम नेपालको जनसांस्कृतिक आन्दोलनमा एउटा कोशेढुङ्गा बन्न पुगेको छ ।

## जनसांस्कृतिक आन्दोलन

प्रगतिवादी साहित्यिक-सांस्कृतिक आन्दोलन गतिशील यथार्थको दृष्टिकोणसित अन्तर्सम्बन्धित छ । यसको दार्शनिक आधार ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद हो । यो सदैव वैज्ञानिक, ऊर्ध्वगामी र अग्रगामी हुन्छ । लेनिनले क्रान्तिकारी मजदुर-किसानहरू नै साँचो अर्थमा महान् कलाका अधिकारी हुन् भन्नुभएको छ । मार्क्सले यसको उत्पत्तिको कारकको रूपमा मानवीय श्रमिक क्रियाकलापकै प्रतिफललाई बताउनुभएको थियो । वास्तवमा कला-साहित्य सामाजिक जीवन र वस्तुगत यथार्थको कलात्मक प्रतिबिम्बन हो । सोभियत सङ्घमा समाजवादी क्रान्ति सम्पन्न भइसकेपछि लेनिनले समाजवादी-यथार्थवादी कला-साहित्यको आवश्यकताबोध गर्दै टाल्स्टाय, चेर्नोशेब्स्की, दोस्तोबस्की, हर्जेनलगायत साहित्यकारका साहित्यिक कृतिलाई ठूलो परिमाणमा प्रकाशन/बितरण गर्नुपर्ने बताउनुभएको थियो । सम्पूर्ण जनवादी साहित्य पार्टी साहित्य हुनुपर्ने कुरामा लेनिनको जोड थियो । सांस्कृतिक आन्दोलनको सञ्चालन पार्टी साहित्यले मात्र गर्न सक्तछ । यो वर्गसङ्घर्षको अभिन्न अङ्ग हो । प्रतिक्रान्तिकारी सङ्कटलाई क्रान्तिकारी सङ्कटले नजितेसम्म यो यात्रा जारी रहन्छ । लुना चाल्स्कीले भन्नुभएको छ, "साहित्यको काम नयाँ मानिस र नवीन जीवनपद्धतिको स्थापना प्रक्रियामा शक्ति र ओज थप्नु हो ।" नेपाल कम्युनिस्ट पार्टी, केन्द्रीय समितिद्वारा आयोजित 'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रम सोही दिशातिरको एउटा महत्वपूर्ण खुट्किलो हो ।

नेपालको साहित्यिक-सांस्कृतिक आन्दोलन कमरेड माओको येनान प्रवचनबाट गहिरोगरी प्रभावित छ । 'येनान गोष्ठीमा साहित्य र कलाको प्रवचन' नेपालका समाजवादी-यथार्थवादी लेखक-साहित्यकारहरूका लागि आधारभूत पाठ्यक्रम बन्न पुगेको छ । महान् जनयुद्धमा नेपालका जनसंस्कृतिकर्मीहरू कलम र बन्दुक एकैसाथ लिएर वर्गसङ्घर्षमा होमिएर सांस्कृतिक पल्टनको भूमिका पूरा गरेका थिए । मेक्सिम गोर्की, हार्वड फास्ट, लु सुन, प्रेमचन्दहरूबाट पनि नेपालका साहित्यकार-संस्कृतिकर्मीहरू काफी मात्रामा प्रभावित छन् । विक्रमको बीसौँ दसकमा नेपाली साहित्यकार-संस्कृतिकर्मीहरू नक्सलवादी आन्दोलनबाट पनि प्रभावित भए । चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिबाट नेपालका साहित्यकार-संस्कृतिकर्मीहरू प्रभावित नहुने त कुरै भएन । नेपालका साहित्यकार-संस्कृतिकर्मीहरूले पारिस्पारिक रूपमा सो ऐतिहासिक विरासतबाट प्रशस्त ऊर्जा ग्रहण गरेका छन् । नेपाल कम्युनिस्ट पार्टी तिनै ऐतिहासिक कडीलाई एकीकृत जनक्रान्तिमार्फत जोड्न चाहन्छ । सामन्तवादी, साम्राज्यवादी, विस्तारवादी तथा सबैखाले शोषण दमनको अन्त्य गरेर नेपालमा जनगणतन्त्र स्थापना गर्ने लक्ष्य पूरा गर्नका लागि 'रातो लालटिन' र ' महान् सर्वहारा सांस्कृतिक क्रान्ति' का आदर्शलाई पछ्याउनु अनिवार्य छ । 'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रम पनि जनसांस्कृतिक आन्दोलनको अभिन्न अङ्ग हो ।

## सम्मानित स्रष्टाको भनाइ

'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रममा सम्मान ग्रहण गर्दै राल्फा आन्दोलनका हस्ती रायन श्रेष्ठले आफू ओखलढुङ्गाबाट त्यतिबेलाको काठमाडौंमा गीत गाउनकै लागि आएको समय स्मरण गर्नुभयो । उहाँले रामेश श्रेष्ठसँगै रेडियो नेपालमा गीत गाउन जाँदा उनले गाएको गीतलाई राजावादीहरूले फेर्न लगाएको सम्झना पनि गर्नुभयो । उहाँले अरू कम्युनिस्ट पार्टी जस्तो विकृतिको दलदलमा नफसी आन्दोलनलाई अघि बढाउन नेपाल कम्युनिस्ट पार्टीलाई आग्रह पनि गर्नुभयो । 'गाउँ-गाउँबाट उठ, बस्ती-बस्तीबाट उठ' जस्ता लोकप्रिय र चर्चित गीत गाउनुभएका जनगायक रायनले २०१७ सालमा राजा महेन्द्रले 'कू' गरेर प्रजातन्त्रको हत्या गरेको र आफ्ना जनवादी गीतहरू सेन्सरमा परेको गुनासो गर्नुभयो । उहाँको देशमा गणतन्त्र आइसक्दा पनि जनवादी गायकहरूको सडकमै रहेको गुनासो थियो । कार्यक्रममा उहाँले भन्नुभयो, "आजसम्म पनि म सेन्सरमै छु । यो देशमा लोकतन्त्र, प्रजातन्त्र र गणतन्त्र नै आए पनि जनवादी गायकहरू सडकमै रहन्छन् । आज पनि जनताका गीतले रेडियो नेपाल र नेपालका टेलिभिजनहरूमा स्थान पाएका छैनन् ।" उहाँले अहिलेका कम्युनिस्ट पार्टीहरू जिउँदो लासजस्तै भएको यथार्थ पनि राख्नुभयो । जनवादी गायक रायनले विप्लव नेतृत्व कम्युनिस्ट पार्टीलाई विगतका अरू पार्टीजस्तै नबिग्रन सुझाव दिनुभयो । रायन श्रेष्ठले विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले नेपालमा रहेका बिग्रिएका कम्युनिस्ट पार्टीजस्तै नहोस् भन्दै सो पार्टीलाई जनताको सपना पूरा गर्ने अभियानमा सफलताको शुभकामनासमेत दिनुभयो । उहाँले नेपालमा आफूले धेरै कम्युनिस्टलाई नजिकबाट हेर्ने मौका पाएको तर सबै कम्युनिस्ट पार्टी पथ-विचलित भएर नेपाली जनताको परिवर्तनको चाहना पूरा हुन नसकेकोले विप्लव नेतृत्व कम्युनिस्ट पार्टीलाई विगतका शिक्षाबाट पाठ सिकेर अगाडि बढ्न पनि सुझाव दिनुभयो । उहाँको भनाइ थियो, "अरू सबै कम्युनिस्ट पार्टीहरू बिग्रिए तर अब यो नेपाल कम्युनिस्ट पार्टी बिग्रिएको देख्न नपरोस् । नेपाली जनताले यही पार्टीबाट ठूलो आशा गरेकोले यो पार्टी अरू पार्टीले जस्तै जनताको सपनामा धोका नदिइयोस् ।" आफूले सत्तामा रहेका थुप्रै कम्युनिस्ट नामका पार्टीहरूको सम्मानलाई बहिष्कार गरेको स्मरण सुनाउनु हुँदै रायनले नेपाल कम्युनिस्ट पार्टीले गर्ने सम्मानलाई निकै गम्भीरतापूर्वक अध्ययन गरेर सम्मान स्वीकार गरेको बताउनुभयो । रायनले भ्रष्टहरूको हातबाट सम्मानित हुनुभन्दा नहुनु राम्रो भन्नु हुँदै स्वच्छ र सफा हात भएका मान्छेहरूको सम्मान पाउनु राम्रो हुने निष्कर्षसहित नेपाल कम्युनिस्ट पार्टीको सम्मानलाई स्वीकार गरेको स्मरण गर्नुभयो । सम्मान कार्यक्रममा रायनले आफ्नो लामो जीवनको इतिहासमा धेरै कम्युनिस्ट पार्टीलाई प्रत्यक्ष नजिकबाट हेर्ने मौका पाएको तर सबै किनिएर बिग्रिएको तितो अनुभव सुनाउँदा कार्यक्रममा सहभागीलाई निकै भावविह्वल बनाएको थियो । कार्यक्रममा उहाँले रातो झन्डाको गीत गाउनुभएको थियो ।

जनगायक जेवी टुहुरेले कम्युनिस्ट पार्टीहरूभित्र बलियो एकता हुने हो भने यो देशको मुहार परिवर्तन गर्न सकिने धारणा राख्नुभयो । उहाँले 'जनता सबै देशलाई, देश-जनतालाई कोही पनि आफ्नो हुन्न भ्रष्टाचारीलाई' बोलको गीत प्रस्तुत गर्नुभयो । साथै, जनगायक खुसीराम पाख्रिनले 'युवाहरू हो, यो देश तिम्रै हो, नयाँ नेपाल बनाउने अभिभारा तिम्रै हो' बोलको गीत प्रस्तुत गर्नुभयो । माओवादी शान्ति-प्रक्रियामा आएपछि आन्दोलन छिन्नभिन्न भएको उहाँको दुखेसो थियो । उहाँले कलाकारको आँखामा अनिश्चित भविष्य देख्दा आफूलाई रुन मन लाग्ने कुरा पनि बताउनुभयो । आफू सधैँ क्रान्तिको पक्षमा रहेको र क्रान्ति गर्ने जुनसुकै पार्टीलाई आफ्नो साथ र समर्थन रहने कुरा बताउनुभएको थियो । आफ्नो दिमागबाट क्रान्तिको सपना नहटेको कुरा पनि राख्नुभएको थियो । सम्मानित भएपछि सहिद पितासमेत रहनुभएका पाख्रिनले भन्नुभयो, "म सहिदको बुबा भएकोले पनि क्रान्ति गर्ने पार्टी र नेतृत्वलाई मेरो सधैँ साथ रहनेछ ।" नेपाल कम्युनिस्ट पार्टीले आफूहरूजस्ता स्रष्टालाई सम्मान गर्ने संस्कृति थालनी गरेकोमा विशेष आभार पनि व्यक्त गर्नुभयो । अर्का जनवादी गायक जीवन शर्माले पुरानो परम्परा तोडिएको र कलाकारलाई सम्मान गर्ने पार्टी पनि यो देशमा रहेछ भन्ने प्रमाणित भएको भन्दै खुसी व्यक्त गर्नुभयो । शर्माले जनवादी सत्ता ल्याउनका लागि निरन्तर क्रान्तिमा लाग्न नेताहरूलाई सुझाव पनि दिनुभयो । शर्माले 'सिमली छायामा बसी' बोलको गाउन थालेपछि हल जुरुक्क उठेर नाचेको थियो । सो नाचमा महासचिव विप्लवले पनि केहीबेर साथ दिनुभयो । अन्तमा, चर्चित कवि पूर्णविरामले जोशिलो आवाजमा 'अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ' शीर्षकको कविता सुनाउनुभयो । उहाँको कवितात्मक भावले पूरै हललाई स्तब्ध र आक्रोशित बनाएको थियो । सम्मान कार्यक्रममा पूर्णविरामले वाचन गर्नुभएको 'अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ' एक अंश हेरौँ :

"यो तातो अलकत्राभन्दा पनि तातो
मनहरू पोल्ने आगोको भट्टी जस्तो छ
जाकेरीहरूले पाएका छन् भीसी तक्माहरू
र, वीर सिपाहीहरूको रोदनले वातावरणहरू भरिभराउ भएका छन्
भैँसीको टाउको शरीरमा झुन्ड्याउनेहरूलाई
अलपत्रमा परेको युद्धको नतिजा राम्रो छ
मानिसको नै टाउको बोकेर विचरण गर्न चाहनेलाई
यो हेमलकभन्दा पनि एकदमै विषाक्त छ
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ ।"

असल संस्कृति तथा स्रष्टाको पक्षपोषण र खराब संस्कृति तथा स्रष्टालाई यथासम्भव रूपान्तरणका लागि प्रेरित गर्नु, रूपान्तरण असम्भव भए ध्वंस गर्नु 'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रमको अन्तर्वस्तु हो । जनताको शक्तिलाई विशाल प्रवाहमा परिचालित गर्नु महान् सांस्कृतिक क्रान्तिको एउटा आयाम हो । पहाडहरूलाई हटाउन सक्ने, समुद्रलाई सुकाउन सक्ने, हजारौं चट्याङहरू बराबरको तागत भएको यसले सामन्तवाद, पुँजीवाद र संशोधनवादका पुराना नराम्रा र दानवी अवशेषलाई बढारेर लैजान तथा जनताको महान् गाथाको दस्ताबेजीकरण गर्न साहित्यकार-संस्कृतिकर्मीको ठूलो भूमिका हुन्छ । फेरि एकपटक कला-साहित्यको माध्यमबाट समाजवादी शिविरबाट प्रतिक्रियावादी शिविरमाथि भीषण हमला गर्ने आँट नेपाल कम्युनिस्ट पार्टीले गरेको छ । समकालीन नेपाली राजनीतिक-सांस्कृतिक परिस्थितिको यतिबेला आगो खाएर अँगार ओकल्ने समय पनि हो । यसले सुन्दर कम्युनिस्ट समाज, कम्युनिस्ट संस्कृतिको स्थापना गर्ने उद्देश्य बोकेको छ । सिर्जनाबाट परजीवीवर्गका विरुद्ध लडिरहेका जनताले प्रेरणा र ऊर्जा पाउनैपर्छ । सोही प्रेरणा र ऊर्जा-प्राप्ति 'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रमको अभिलाषा हो ।

## पार्टी महासचिवको उद्घोष

महान् गुरु कार्ल मार्क्सले भन्नुभएको थियो, "व्यवहार नै सत्य जाँच्ने आधार हो ।" नेपालको जनसांस्कृतिक आन्दोलनमा सिद्धान्त र व्यवहारका बीच भयङ्कर अनमेल देखिँदै आएको छ । नेपाल कम्युनिस्ट पार्टी सिद्धान्तलाई व्यवहारको कसीमा जाँच्न चाहन्छ । निश्चय पनि नेपालको जनसांस्कृतिक आन्दोलनमा यावत् यक्ष प्रश्नहरू नभएका होइनन् । हामीले तिनको क्रमशः उत्तर दिँदै जान पनि आवश्यक छ । कैयन् पारिस्थितिक र कैयन् वैयक्तिक स्वार्थका कारण यौद्धिक विरासतलाई चौबाटोको धुलोमा फ्याँकिए

... बाँकी ७ पृष्ठमा





गीत

## देउडा गीत



- के. बि. गाउँले

*कम्युनिस्ट भुल्दैछन् कर्णाली लालबस्तीलाई*
*सामन्त डुल्दैछन् माओवादीका लाल किल्लामा*

*गाउँ शहर हुँदैछ एकीकृत जनक्रान्ति*
*मन मेरो रुँदैछ, जनयुद्ध सिद्याइदिया*

*जलस्रोत लिदैछन् साम्राज्यवाद दलालले*
*भारतलाई दिँदैछन् नेपालीको भित्री कुरा*

*नौटङ्की गर्दैछन् संसदवादी दलालहरू*
*भ्रममा म छर्दैछन् लोकल चुनाव गर्ने भन्दै*

*प्रचण्ड लड्काउने, चिन गयाँ भारत गयौ*
*क्रान्ति अड्काउने संसदवादी दलाल मिलि*

*चुनाव बहिष्कार बहिष्कारका नारा लिँदै*
*देशलाई ठूलो भार ऋण मागी चुनाव गर्छन्*

## जनसांस्कृतिक योद्धा ...

पनि रक्तरञ्जित झन्डा हिजो पनि खडा थियो, आज पनि खडा छ र भोलि पनि खडा रहनेछ। हामीले एकीकृत जनक्रान्तिको आलोकमा एक्काईसौं शताब्दीको एकीकृत र केन्द्रीकृत सांस्कृतिक आन्दोलनको विकास तथा विश्वभरका जनसांस्कृतिक सामर्थ्यको पहिचान गर्नैपर्दछ । 'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रम जनसांस्कृतिक सामर्थ्यको पहिचानसित पनि सम्बन्धित छ । पार्टी महासचिवको मन्तव्यको सार यही कुरासित सम्बन्धित छ ।

'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रममा प्रमुख अतिथि हुनुहुन्थ्यो, नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लव । महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले कम्युनिस्ट आन्दोलनमा लागेर सांस्कृतिक क्षेत्रबाट योगदान गरेका योद्धालाई आन्दोलन सफल भएपछि सडकमा छोडिदिने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताउनुभएको थियो । उहाँले भन्नुभयो, "उहाँहरू कम्युनिस्ट आन्दोलनको धरोहर हो, पार्टीको सङ्कीर्ण घेराभन्दा माथि उठेर उहाँहरूको सम्मान हुनुपर्छ ।" क्रान्ति र परिवर्तनका लागि सिङ्गो जीवन समर्पित गरेका कलाकार हरूलाई राज्यले उचित सम्मान दिन नसकेको कुरा बताउँदै उहाँले कलाकारहरूको उचित सम्मानको दायित्व आफ्नो काँधमा आएको बताउनुभयो । महासचिव विप्लवले आन्दोलन हुँदासम्म आर्थिक हिसाबले समान हैसियतमा रहेता पनि आन्दोलन सफल भएपछि नेता मालिक बन्ने र कार्यकर्ताहरू आफ्नो गुजारा चलाउनका लागि नेताको दैलो चाहर्नुपर्ने अवस्था कम्युनिस्ट आन्दोलन विचलनको भद्दा स्वरूप भएको बताउनुभयो । अहिलेको सरकार र नेताहरू विदेशी इशारामा चलेको बताउनु हुँदै महासचिव विप्लवले स्थानीय तह निर्वाचनले देशका समस्याहरू समाधान गर्न नसक्ने विचार पनि व्यक्त गर्नुभयो । बेरोजगारी, बेथिति र असमानताको अन्त्य नहुँदासम्म यो देशको समस्या समाधान नहुने भन्दै उहाँले एकीकृत जनक्रान्तिद्वारा नेपालमा क्रान्ति सम्पन्न गर्न सकिने विश्वास दिलाउनुभयो । आफूहरू कम्युनिस्ट आदर्श र नैतिक मूल्य मान्यतासहितको राजनीति गर्न खोजिरहे पनि सत्ता र शक्तिको आडमा आफ्नो पार्टीमाथि दमन भइरहेको बताउनु हुँदै विप्लवले शक्ति र अहङ्कार प्रदर्शन गर्दै आफूहरूमाथि दमन भइरहे बन्दुक बोकेर मुकाबिला गर्न तयार रहेको पनि उद्घोष गर्नुभयो । सम्मानित स्रष्टाहरूतर्फ सङ्केत गर्दै महासचिव विप्लवले नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपालमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना भइछाड्ने, कथमकदाचित त्यसो हुन नसकेमा आफू र आफ्नो पार्टी निरन्तर क्रान्तिमा रहने विश्वास दिलाउनुभयो । देश र जनताका निम्ति बलिदानको कोटा आफैँबाट चुक्ता गर्नुपरे पनि आफू तयार रहेको प्रतिवद्धता पनि महासचिव विप्लवले व्यक्त गर्नुभयो ।

दर्शकद्वारा खचाखच भरिएको जमलस्थित राष्ट्रिय नाचघरको सभाकक्षमा भएको ' जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रमको अध्यक्षता नेपाल कम्युनिस्ट पार्टी, केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष असारे काका, सञ्चालन अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष टेक बलम्पाकीले गर्नुभएको थियो । पार्टीका स्थायी समिति सदस्य कमरेड कञ्चनको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रममा स्थायी समिति सदस्यद्वय कमरेड सुदर्शन र कमरेड विषमको पनि उपस्थिति थियो ।

**ऐतिहासिकता**

सांस्कृतिक क्रान्तिको गरिमामय दशकमा वासन्तिक उन्यालो थियो र चराचुरुङ्गी गाउँथे र झुम्थे । मजदुर, किसान, सेना महान् क्रान्तिकारी आन्दोलनमा संलग्न जाँगरिला सिपाहीहरूको वीरता र पुरुषार्थको लागि असीम प्रशंसा थियो । वाचन गर्न सकिनेभन्दा पनि बढी सैनिक काव्य र कविताहरू थिए । मजदुर, किसान र साथसाथै प्रविधि र राष्ट्रिय सुरक्षाका विकास र प्रविधि र राष्ट्रिय सुरक्षाका विकास र प्रगति अङ्कित तस्बिरहरू असङ्ख्य थिए । त्योभन्दा पनि बढी समाजवादको निर्माणको मार्गमा पुरानोलाई फाली नयाँलाई प्रादुर्भाव हुन दिने रमाइला, प्रोत्साहित पार्नेखालका क्रान्तिकारी साहित्यहरू थिए । तर आज पुँजीवादी पतीत अश्लील नाङ्गा तस्बिरहरू, कसिएको पाइन्ट, लामो कपाल, कालो चस्मा, डिस्को र छाडा सङ्गीतहरूको तस्करी र बजारीकरण भइरहेका छन् । सांस्कृतिक साम्राज्यवादको उद्दण्डता खपिनसक्नु भएको छ । एउटा उखान छ- बाइबलका शब्दहरू प्रयोग गरेर मानिसहरूलाई मूर्ख बनाउनमा सैतान नै सबभन्दा बढी सिपालु हुन्छन् । लेनिनले भन्नुभएको छ, "निरन्तर क्रान्ति जनताका लागि निरन्तर उत्सव पनि हो ।" नेपालमा प्रतिगमन-प्रतिक्रान्तिको कालो बादल मडारिइरहेको यतिबेला 'एकीकृत जनक्रान्ति' कार्यदिशाद्वारा क्रान्तिको सेवा गर्नेगरी जनताका कला-साहित्यको रक्षा र विकास गर्न आवश्यक छ ।

'जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रमको ऐतिहासिक मूल्य रहेको कुरामा कुनै शङ्का छैन । सम्मानित स्रष्टाका विषयमा अनेक कोणबाट मूल्याङ्कन सकिएला ! यो सम्मान कार्यक्रमलाई पार्टी र व्यक्तिगत सीमाको सङ्कीर्ण घेराबाट माथि उठेर हेर्न आवश्यक छ । फेरि, मानिसको मूल्याङ्कन भन्ने कुरा निकै जटिल विषय हो । त्यसमाथि पनि जिउँदो मानिसको मूल्याङ्कन त झन् जटिल विषय हो । को कतिखेर के हुने हो, थाहै नहुने परिस्थिति विद्यमान छ । झन् कहिलेकाहीँ त यस्तो पनि देखिन्छ कि साहित्यकार-संस्कृतिकर्मीको मृत्युपछि उसको विचार र प्रतिवद्धतासँगै कतै कहीँ सरोकार नराख्ने मानिसहरूले उसको नामको ब्रान्ड प्रयोग गरेर पुरस्कार राख्छन्, पुरस्कार थाप्छन् र बजारमा कोकोहोलो मच्चाउँछन् । जीवनभर अपमान, अभाव र तिरस्कार खेप्नुपरेका स्रष्टाहरू, बाँचुन्जेल कहीँ कतै सम्झौता नगरेका साहित्यकार-संस्कृतिकर्मीले मरेपछि पनि बिजोग ब्यहोर्नुपर्दछ । हुन त मानिसहरू भन्छन्- ओखलमा टाउको राखेपछि मुसलको के डर !

## पुरानो सत्ताका ...

आस्थाले बताउनु भएको छ ।

यस्तै पश्चिम कैलालीको धनगढीमा पनि उपमहानगरपालिकाको कार्यालयको साइनबोर्ड मेटाउदै स्थानीय जनपरिषदको कार्यालय लेखिएको छ । उता पूर्वको झापामा पनि स्थानीय निकायका साइनबोर्डहरु हटाएर गाउँ जनसरकारको कार्यालय लेखिएको छ । संसदीय व्यवस्थाले आफ्नो आयु लम्ब्याउने उद्देश्यले देशी विदेशी प्रभुहरुलाई खुशी बनाउन र राज्यको बजेट सिध्याउनको लागि गर्न लागिएको चुनाव अर्थहीन भएकोले यस्तै अवस्थामा सबै ठाँउमा जनसत्ताहरु गठन गरेर जानुपर्ने आवश्यक भएकोले पुराना साइनबोर्डहरु हटाउनु परेको नेकपाका केन्द्रीय सदस्य निर्मलले बताउनु भयो ।

केन्द्रमा सन्तोष बुढा मगरको नेतृत्वको संयुक्त जनपरिषद नेपाल घोषणा गरेको नेकपाले यो देशमा अहिले दुईवटा सत्ता र दुईवटा अदालत सञ्चालनमा रहेको बताउदै आएको छ । विभिन्न बहानामा दलाल संसदीय व्यवस्थाले गाउँ गाउँमा मरिसकेको पुरानो सत्ताका अवशेषलाई ब्युँताउने कार्य गरिरहेको खण्डमा देशभरिनै स्थानीय स्तरमा समानान्तर सत्ता सञ्चालन गरेर जाने बताएको छ ।

## माओवादी केन्द्र ...

आफू वरिपरिको एउटा चरम अवसरवादी तप्कालाई आफूसँगै सिंहदरबारभित्र लिएर गयो । जुन तप्का आज साधनस्रोतले सम्पन्न छ र त्यसको रक्षाको लागि देशव्यापी आफ्नो संजाल खडा गर्दैछ । बाँकी बहुसंख्यक पंक्तिलाई चौबाटोमा लावारिस छोडिदिएको छ । तिनका समस्या हिजो जे थिए ती आज झन् भयानक भएका छन् । के यो जनताका विरुद्धको गद्दारी र गम्भीर विश्वासघात होइन ?

कम्युनिस्ट आदर्श, क्रान्तिप्रतिको आस्था, निमुखा जनताप्रतिको मुक्ति र सेवाभावलाई पूरै मर्न नदिइ माओवादी केन्द्रभित्र रहेका इमान्दार साथीहरु अझै पनि दलाई लामाका भक्तजनहरु जस्तै नेतृत्वको भक्तिभाव नगरौं । लामो समयसम्म मैले यसै गरेर गल्ती गरें । माओवादी केन्द्र भनेको अब चोरलाई चौतारी र साधुलाई शुलीबाहेक अर्थोक होइन । सैद्धान्तिक रुपले च्यूत, सांस्कृतिक रुपले पतित र आर्थिक रुपले भ्रष्ट भएर यो यति चाँडै पतन होला भनी जनताले अनुमान गरेका थिएनन् । जनयुद्धले कैयौं इमान्दार नेता र कार्यकर्ता पैदा त गऱ्यो, तर आज आएर तिनीहरुले नेतृत्वबाट कुनै संरक्षण, सद्भाव र अवसर प्राप्त गर्ने कुरा समाप्त प्रायः भइसकेको छ । अब नितीहरुका लागि त्यहाँ ठाउँ सकिदै गएको छ । त्यसकारण अन्य कुनै संसदवादी दलहरुभन्दा भिन्न आचरण र विशेषता बाँकी छैन । देश र जनतालाई ठग्नु र लुट्नु, वैदेशिक शक्तिकेन्द्रको चाकडी गरेर कुर्सीमा पुग्नु र कुर्सी बचाउनु मात्र तिनीहरुको मुख्य कार्यभार बन्न गएको छ ।

जनयुद्धको मध्यकालबाट शुरु भएको पार्टीभित्रको गुटबन्दी, आर्थिक अपारदर्शिता, पद र पैसाका लागि गर्ने चाकडी र मोलतोल मूल नेतृत्वबाटै संरक्षण गरिएको प्रवृत्ति रहेछ । त्यसको तीव्र विकासको फलस्वरुप भृकुटीमण्डपमा २ वटा सम्पत्ति छानविन आयोग बने । तिनले छानबिन गरेर कार्वाहीको सिफारिस र कैयौं सुझावसहित प्रतिवेदन पेश गरे । कार्यान्वयन गर्नुको साटो त्यसलाई रद्दीको टोकरीमा फँयाकेर दोषीलाई नै पुरस्कृत गर्ने काम भयो भने आयोग प्रमुख अमिक शेरचन नै अघोषित कारबाहीमा परे । आज कुनै पनि विकृति, विसंगति, भद्रगोल, दण्डहिनता र आर्थिक अराजकताको जात्रा हेर्न मन लागे माओवादी केन्द्रलाई हेरे पुग्छ । तिनीहरुको अभिमान, स्वेच्छाचारिता र ज्यादतीप्रति जनघृणा बढ्दै गएको छ । जनयुद्धको पछिल्लो कालदेखि शान्ति प्रक्रिया हुँदै हालसम्म पटकपटक विभिन्न माध्यमबाट गरेको लूट, घूस, भ्रष्टाचारजन्य कालो धन कमाउने धन्दाको ध्याउन्नले तिनीहरु कहाँ पुग्दैछन् ? दलाल संसदीय पुँजीवादमा । जनयुद्धबाट करीब मृत्युघाट पुऱ्याइसकिएको संसदीय व्यवस्थालाई सुदृढ गर्न कथित स्थानीय तहको निर्वाचनको नौटंकी गरिरहेका छन् । गणतन्त्र, संघीयता, समानुपातिक र समावेशीको आवरणभित्र उनीहरुले आफ्नो दक्षिणपंथी अवसरवादी अनुहार छोपिरहेका छन् ।

क्रान्तिलाई पूर्णतासम्म पुऱ्याउनको लागि क्रान्तिकारी धारको तय गर्दै आवश्यक परे बाँकी जीवनका व्यक्तिगत रहलपहललाई फेरि त्याग गर्नसमेत तत्पर रहने संकल्प दोहोऱ्याउदै हालसम्मको अध्ययन र अनुसन्धानबाट नेपाल कम्युनिस्ट पार्टी नै क्रान्तिकारी धारको रुपमा क्रियाशील देखिएको छ ।

१९ बैशाख २०७४

## प्रहरी भ्रष्टाचारका ...

गर्ने सर्वोच्चको फैसलामा समावेश छ । अदालतको यो फैसलाबाट शक्तिकेन्द्रहरू चिढिए पनि साहसिक कदमका रूपमा हेरिएको छ । दोषी प्रमाणित भएको व्यक्तिहरु -

१) ओमविक्रम राणा - आईजीपी
२) रमेशचन्द ठकुरी - आईजीपी
३) हेमबहादुर गुरुङ - आईजीपी
४) श्यामसिंह थापा - एआईजी
५) दीपकसिंह थाड्देल - एआईजी
६) दीपककुमार श्रेष्ठ - डीआईजी
७) रवीन्द्रप्रताप राणा - डीआईजी
८) मिचेर राडार - एस्युर्ड रिस्क लिमिटेड (खरिद कम्पनीका प्रमुख)
९) शम्भु भारती - दलाल, एस्युर्ड रिस्क लिमिटेड
१०) माइकल राइडर - एमडी, एस्युर्ड रिस्क लिमिटेड

लगायत ३४ जना ।

## हरेक मान्छेमा ...

पनि तपाईंहरू जहाँ भए पनि हामी तपाईंहरूको गीत गाउँदै लड्न जानेछौं । गीत, कविता, लेख्न र गाउन नछोड्नुहोला । जार र च्याङकाइसेकका सेनाका इमानदारहरू त्यहाँ विद्रोह गरेर कम्युनिस्ट फौजमा मिल्न आएका थिए । त्यो स्थिति नेपालमा पनि हुन्छ र हुनुपर्छ । किरण र मोहनविक्रमले यहाँसम्म ल्याए । हामीले त्यो आन्दोलनलाई अब अगाडि लैजान सक्नुपर्छ ।

(२०७४ वैशाख १३ गते संस्कृतिकर्मी सम्मान कार्यक्रममा व्यक्त विचारको सम्पादित अंश, शीर्षक हामीले दिएका हौं ।)

## संसदीय व्यवस्था ...

लोकमानसिंह कार्कीलाई दण्डित गर्ने साहस गरिन् जब कि दलहरू उस बेला सदनमा दर्ता भएको महाभियोग प्रस्ताव अघि बढाउनसम्म गोडा कपाउँथे र सुशीला कार्कीलाई गुहार्दै थिए । त्यसैगरी डाफरकाण्ड, मैना सुनार हत्याकाण्ड, आईजीपी नियुक्ति काण्ड आदिमा उनले दलहरूको अपेक्षा र दबाव नसुनी साहसिक फैसला गरिन् । जनसेनाको शिविरको भ्रष्टाचार मुद्दा फैसला हुनसक्ने, देउवाको अदालतको मानहानि मुद्दा फैसला हुने र नेपाली काङ्ग्रेससहित केही प्रशासकको विचाराधीन मुद्दा फैसला हुनसक्ने देखिएका कारण प्रस्ताव पारित नहुने निश्चित हुँदाहुँदै समय गुजार्ने र सर्वोच्चमा अर्को नेतृत्व आउने अवस्थासम्म सम्भावित प्रतिकूल फैसला रोक्ने बदनियतले उक्त प्रस्ताव दर्ता गरिएको छ । यसको चौतर्फी विरोध भएको छ ।

देउवा र प्रचण्ड भ्रष्टाचार, राष्ट्रघात, दलाली र पश्चगमनका मतियारका रूपमा बदनाम भएका नेताहरू हुन् । प्रचण्ड जनसेनाको शिविरमा अर्बौं भ्रष्टाचारको मुद्दामा फसेका छन् । राष्ट्रघात र तस्करीका पर्याय बनेका छन् । देउवा सिद्धान्त र नैतिकता नभएका, सुरासुन्दरीका वाहक, पश्चगमनका मतियार, प्रजातन्त्रलाई दरबारमा बुझाउने नेताका रूपमा चिनिन्छन् । उनीहरूका विरुद्ध प्रतिपक्ष मात्र होइन, नागरिक समाज नै आन्दोलित छ । राप्रपाले सरकार छोडेको छ । पूर्वसेनानी, पूर्वप्रधानन्यायाधीश, विदेश मामिलाविज्ञलगायतको प्रबुद्ध र देशभक्त धारा सरकारका विरुद्ध उभिएको छ । सामाजिक सञ्जालमा आक्रोशपूर्ण प्रतिक्रियाको ओइरो लागेको छ । राजनीतिसँग उति सरोकार नराख्ने महिलाहरूको एउटा तहमा समेत सुशीला कार्कीका पक्षमा सहानुभूति देखिएको छ ।

सुशीला कार्कीद्वारा लोकमानका विरुद्ध गरेको साहसिक फैसलाका कारण दक्षिणको छिमेकी असन्तुष्ट थियो । भ्रष्टाचारको एकतिहाइ मुद्दा र आईजीपीकाण्डमा सरकारी बदनियत उल्ट्याएपछि आक्रोशित सरकारी गठबन्धन र प्रचण्ड-देउवाको भ्रष्टाचार तथा विकृतिका विरुद्ध फैसला हुने सम्भावना, राजनीतिक दबाव नमान्ने घोषणाका कारण त्यसप्रकारको कमान्डो आक्रमण गर्न सरकारी गठबन्धन उद्यत भएको देखिन्छ । भुटान राजदरबारको वरपरका भ्रष्टाचारीका विरुद्ध कारबाही गर्न खोज्दा भारतसँग मिलेर लेन्डुपदोर्जे बन्न खोजेको आरोप लगाएर दमन गरेझैं सरकारको नेतृत्व गरेका दलालहरूले सुशीला कार्कीमाथि 'जो चोर उसैको ठूलो स्वर' भनेझैं गरेका छन् । तसर्थ महाभियोग प्रस्तावका रूपमा आएको प्रचण्ड-देउवा पश्चगमन र दलालीयात्राका विरुद्ध चौतर्फी दबाब सिर्जना गर्न आवश्यक छ ।

# २५ ज्येष्ठ नागरिक अभिनन्दित

■ **सिर्जनानगर** (रामेछाप)

जिल्लाको मन्थली नगरपालिका १, सानीमदौ सिर्जनानगरका २५ जना ज्येष्ठ नागरिकलाई अभिनन्दन गरिएको छ । हितप्रसाद उपाध्याय-जूनमाया सुवेदी साहित्य प्रतिष्ठानले सिर्जनानगर निर्माणमा अनवरत लागिरहेका ६५ वर्षदेखि ९२ वर्षसम्मका २५ ज्येष्ठ नागरिकलाई दोसल्ला र अभिनन्दनपत्रले सम्मान गरेको हो ।

यसैगरी समाजमा उदाहरणीय भूमिका निर्वाह गरेकी राधिका सुवेदीलाई संस्थाले पाँच हजार नगद, दोसल्ला र अभिनन्दनपत्रसहित सम्मान गरेको छ । कवि हितप्रसाद उपाध्याय र जूनमाया सुवेदीको स्मृति दिवसको सन्दर्भ पारेर आयोजित कविता प्रतियोगिताामा विजयी पाँचजना कविलाई पनि दस हजार नगद र सम्मानपत्रसहित पुरस्कृत गरिएको थियो । प्रतियोगितामा ३० जना कविले भाग लिएका थिए । समालोचक डा. रामप्रसाद ज्ञवालीले ज्येष्ठ नागरिक, असल बुहारी र विजेता स्रष्टाहरूलाई संस्थाका तर्फबाट अभिनन्दन गर्नुभएको थियो । सिर्जनानगरमा आयोजित कार्यक्रममा मीरा सुवेदीका शब्द र रमण थामीको स्वर/सङ्गीतले सजिएको आमा शीर्षक गीति अडियो पनि सार्वजनिक गरिएको थियो । उक्त अवसरमा हिमलाल पराजुली, रमण थामी, आस्था घिमिरे, श्यामबहादुर भावुक, सुरेश सुवेदी, यदुनाथ वसन्तपुरे, राधा खतिवडा, पम्फा श्रेष्ठ, श्रीराम पौडेल, अम्बिका सुवेदी, नारायण निराशीलगायत २० स्रष्टाले अप्रतियोगी सिर्जना वाचन गर्नुभएको थियो । कार्यक्रममा लालबस्ती नियात्रा र लालबस्ती वृत्तचित्रको लोकार्पण गरिएको थियो ।

यसै सिलसिलामा पुष्पलाल-गङ्गालाल जन्मस्थल भँगेरीमा नेकपाका संस्थापक पुष्पलालले २००६ सालमा लेख्नुभएको कम्युनिस्ट घोषणापत्र सार्वजनिक गरिएको छ । संस्थाले प्रकाशन-वितरण जिम्मा लिएको उक्त घोषणापत्र भँगेरीका किसान, मजदुर, महिला, वृद्धवृद्धाका साथै भँगेरी-सिर्जनानगर सिर्जनायात्रामा संलग्न ३५ स्रष्टासहित एक सयजनाले सामूहिक रूपमा लोकार्पण गरेका हुन् । पुष्पलाल-गङ्गालाल जन्मस्थलमै लालबस्ती वृत्तचित्रको पनि छायांकन आरम्भ गरिएको थियो । कार्यक्रमकै अवसर पारेर सिर्जनानगरमा सङ्ग्रहालय पनि अनावरण गरिएको थियो ।

# काठमाडौंमा मई दिवस


■ **रातो खबर संवाददाता** (काठमाडौं)

नेकपा निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले काठमाडौंमा 'मई दिवसको गौरवशाली झन्डालाई अझ माथि उठाऔं, एकीकृत जनक्रान्तिको लागि १२८औं मई दिवस भव्य रुपले मनाऔं' मूल नाराका साथ अन्तर्राष्ट्रिय मजदुर दिवस सम्पन्न गरेको छ । सोमबार अपरान्ह १ बजे घन्टाघरबाट शुरु भएको जुलुश शहर परिक्रमा पश्चात सोही स्थानमा आएर सभामा परिणत भएको थियो । कार्यक्रमका प्रमुख अतिथि नेकपाका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला रहनुभएको सो सभामा पार्टी स्थायी समितिका सदस्यद्वय हेमन्तप्रकाश ओली, सन्तोष बुढामगरलगायतका वक्ताहरुले मई दिवसमा आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रममा पोखरा, चितवन, हेटौंडालगायतबाट सहभागी भएका हजारौं मजदुरहरुको सहभागिता थियो ।





थानसिङ-१, नुवाकोटका पाठक

२०७४ वैशाख २० गते बुधबार
Wednesday, 3 May 2017
हुलाक द. नं. ११/०७२/७३  काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२
वर्ष २, अङ्क ४४, पूर्णाङ्क ९२
रातो खबर

नियमित

## संगठनको आगामी कार्यभार



झक बहादुर मल्ल 'सुदिप'

नेपालमा परिवर्तनगामी युवाहरुका बीच अत्यन्तै लोकप्रिय संगठन हो राष्ट्रिय युवा जनस्वयंसेवक। गम्भिर प्रकृतिका राष्ट्रिय संकट र विपत्तिमा देश र जनताको स्वाभिमान र अधिकारका लागि निरन्तर रुपमा क्रियाशील रहने भएकोले पनि यो संगठनले आफ्नो यो चिनारी स्थापित गरेको छ। मुलुकका सामु देखा परेका चुनौतिको सामाना गर्न अग्र मोर्चामा उभिने भएकोले राष्ट्रको सेवकको रुपमा यसलाई बुझ्ने गरिन्छ। जनताका बीचमा रहेर हरेक सुख, दुःखमा जनताको सेवा र मुक्तिकालागि काम गर्ने भएकोले जनताको सेवकको रुपमा यो संगठन स्थापित हुन पुगेको हो।

आर्थिक, सामाजिक र राजनैतिक रुपमा हाम्रो देशमा निकै ठूलो परिवर्तनको आवश्यकता छ। वर्गीय विभेद निकै उत्कर्षमा छ। देशको मेरुदण्डको रुपमा रहने युवा श्रम शक्ति विदेशिन बाध्य छ। राज्य लुट र शोषणको पर्याय बनेको छ। देशलाई माफिया, तस्कर र दलालहरुको क्रिडास्थल बनाइएको छ। सिमामा दिनदहाडै भारतीय साम्राज्यवादका सिपाहीले नेपाली भूमिमा गोली हानेर हाम्रो स्वाभिमानमा गम्भिर प्रकारको हमला गरेको छ। देशको जिम्मा लिएर बसेको सरकार भ्रष्टाचार, कमिशन र तस्करीमा लिप्त छ। विदेशीको दलाली गर्ने र देशमा ब्रम्हलुट मच्चाउने खेलमा संसदवादीहरु लागिरहेका छन्।

देश परिवर्तनका लागि नेपाली जनताले निकै ठूलो मुल्य चुक्ता गरिसकेका छन्। तर त्यो त्याग, समर्पण र बलिदानको मर्म विपरित अहिले पनि शाषक वर्ग आफ्नो लुट र शोषणमुखी चरित्रबाट पछि हटेको छैन। देशको शासन सत्ता जनताको पक्षमा होइन दलालहरुको पक्षमा क्रियाशील रहेको छ। त्यसैले यो राज्यसत्तालाई पुर्णत अन्त्य नगरी देश र जनताको उन्नती हुनै सक्दैन। राज्यको शोषणमुखी चरित्रलाई कायम राखेर देशमा विकास, शान्ति र समृद्धिको कुरा गर्नु भनेको ऐंजेरुको बोटमा स्याउ फलाउन खोज्नु जस्तै हो।

देश र जनतालाई क्रान्तिको बाटोबाट विमुख गराउने दक्षिणपंथी आत्मसमर्पणवाद, विसर्जनवाद र सबैखाले प्रतिकृयावाद विरुद्ध बैकल्पिक शक्तिको रुपमा नेपाल कम्युनिस्ट पार्टी देखा परेको छ। पार्टीले प्रस्तुत गरेको एकीकृत जनक्रान्तिको कायदिशा नै नेपाल र नेपालीलाई मुक्त गर्ने बैज्ञानिक कार्यदिशा हो। विद्यमान संसदीय व्यवस्थाको उपयुक्त विकल्प नै बैज्ञानिक समाजवादी व्यवस्था हो। विगतमा युवाहरुले क्रान्ति र परिवर्तनका हरेक पहलमा निकै महत्वपुर्ण भूमिका निर्वाह गरेका छन्। किनकी युवाहरु भनेका अग्रगामी विचारका खम्बाहरु हुन। त्यसैले अबको क्रान्तिको भावी कार्यभार पुरा गर्न पनि नेपाली युवाहरुले आफ्नो कार्यभार उत्कृष्ट ढंगले पुरा गर्नु पर्दछ।

दश वर्षे महान जनयुद्धलाई विसर्जन गरेर आत्मसमर्पणको बाटोमा अघि बढेको राजनैतिक धरातलमा राष्ट्रिय युवा जनस्वयंसेवक गठन भएको थियो। पार्टीभित्रको अन्र्तसंघर्षका विविध घुम्तिहरु पार गर्दै अघि बढेको हाम्रो संगठन तत्कालिन नेकपा माओवादी पुनर्गठन संगै राष्ट्रियता र जनअधिकारका पक्षमा व्यापक राष्ट्रिय अभियानहरु संचालन गर्दै अघि बढ्यो। भू-कम्प र नाकाबन्दिले देश आक्रान्त भइरहेको बेला राहत तथा उद्धारमा सक्रियतापूर्वक आफ्नो भूमिका निभायो। भारतीय नाकाबन्दी र हस्तक्षेपका विरुद्ध मेची-महाकाली राष्ट्रिय जागरण अभियान सम्पन्न गऱ्यो।



देशको भ्रष्टाचार, कालोबजारी र तस्करी विरुद्ध अर्को मेची-महाकाली अभियान संचालन गऱ्यो। मध्य पहाडी लोकमार्ग केन्द्रित युवा अभियानले आम जनतामा पार्टीप्रति थप विश्वास पैदा गर्ने कार्य गऱ्यो। राष्ट्रका लागि युवा अभियान सञ्चालन गर्दै पार्टीको ऐतिहासिक आठौं महाधिवेशन भव्य एवं सानदार रुपमा सम्पन्न गर्न निकै महत्वपुर्ण भूमिकासमेत संगठनले निर्वाह गरेको छ। नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन हुनुको नाताले राष्ट्रिय युवा जनस्वयंसेवकले निर्वाह गर्नुपर्ने निकै महत्वका आगामी कार्यभार बाँकी छन्।

नेपाली युवाहरुको जुझारु संगठन हुनुको नाताले जनताका समस्या सम्बोधन गर्ने जिम्मेवारी युवाहरुले लिनु पर्दछ। भ्रष्टाचार, तस्करी, कालाबजारी, नियन्त्रण गर्ने कार्यको पहलकदमी लिन सिंगो संगठन समस्या समाधानमा समेत विशेष ध्यान दिन जरुरी छ। सामाजिक विकृति विसंगतिका विरुद्ध समेत संगठनले हस्तक्षेपमुलक गतिविधि गर्न जरुरी छ। समाजमा हुने रचनात्मक कामहरुलाई मद्दत पुग्ने गरी कार्य गर्नु संगठनको दायित्व हुन्छ।

उपरोक्त कामका अलावा संगठनको मुख्य काम भनेको पार्टीको विचार, नीति र योजनालाई कार्यान्वयनको तहमा लैजानु हो। उक्र कार्यका लागि हामीलाई बहुसंख्यक प्रगतिशील, देशभक्त तथा क्रान्तिकारी युवाहरु गोलबन्द भएको विशाल संगठन आवश्यक पर्दछ। त्यही आवश्यकता बोध सहित संगठनको तेस्रो राष्ट्रिय सम्मेलन आगामी असार २५-२७ गते सम्म विराटनगरमा सम्पन्न हुन गइरहेको छ। नेपाली युवाहरुको गौरबशाली संगठन राष्ट्रिय युवा जनस्वयंसेवकको तेस्रो राष्ट्रिय सम्मेलन भव्यतापुर्वक सम्पन्न गरी पार्टीले तय गरेको एकीकृत जनक्रान्तिको कार्यदिशा सफल पार्न लागिपर्नु नै संगठनको आगामी कार्यभार हो।

# सांस्कृतिक योद्धाहरू सम्मानित





■ अम्बिका चन्द/काठमाडौं

नेपाली कम्युनिस्ट आन्दोलन, विशेषतः प्रगतिवादी सांस्कृतिक आन्दोलनमा विशिष्ट योगदान गर्ने विशिष्ट स्रष्टाहरूलाई नेपाल कम्युनिस्ट पार्टीले सम्मान गरेको छ। निरङ्कुश पञ्चायती व्यवस्थादेखि नै यो शासनसत्ताका विरुद्ध कम्युनिस्ट विचारका पक्षमा निरन्तर योगदान गरेबापत पार्टीले गत बुधबार काठमाडौँको राष्ट्रिय नाचघरमा ' जनसांस्कृतिक योद्धा सम्मान' कार्यक्रम गरी सम्मान गरेको हो। उक्त कार्यक्रममा प्रमुख अतिथि नेकपाका महासचिव विप्लवले सांस्कृतिक तथा साहित्यिक योद्धाहरूलाई दोसल्ला ओढाई सम्मानपत्र र जनही २५ हजार नगदद्वारा सम्मान गर्नुभयो। यसरी सम्मानित हुने स्रष्टाहरूमा जनगायक तथा सङ्गीतकार रायन श्रेष्ठ, जेबी टुहुरे, खुसीराम पाख्रिन, जीवन शर्मा र कवि पूर्ण विराम हुनुहुन्छ।

जनसांस्कृतिक योद्धा सम्मान कार्यक्रम महासचिव विप्लवले देश र जनताका पक्षमा विशिष्ट योगदान गर्ने सांस्कृतिक योद्धाहरूलाई सम्मान गर्ने आफ्नो पार्टीलाई अवसर जुटेकोमा खुसी व्यक्त गर्दै यो पार्टीको नीतिगत कार्यअन्तर्गत भएको बताउनुभयो। उहाँले भन्नुभयो, 'नेपाली कम्युनिस्ट आन्दोलन तथा प्रगतिवादी आन्दोलनमा सांस्कृतिक योद्धाहरूले जुन योगदान गरेका छन् त्यो पार्टीको घेराभन्दा निकै माथि छ र त्यो निकै शक्तिशाली छ।'

कम्युनिस्ट आन्दोलनमा योगदान गर्ने योद्धाहरूको जीवनले आफूहरूलाई सधैँ प्रेरित गरेको भन्दै महासचिव विप्लवले जीवनभर क्रान्तिलाई हराभरा बनाउनेको जीवन अन्तिम घडीमा पुगेर उदास बन्न नदिन आफ्ना आदर्श र मूल्यमान्यताहरूलाई स्थापित गर्न यसको सुरुआत गरिएको बताउनुभयो। कम्युनिस्ट पार्टीद्वारा सम्मानित हुने स्रष्टाहरू रायन, जेबी, खुसीराम र जीवन शर्माले सयौँ कालजयी गीत गाउँदै र गीतमा सङ्गीत भर्दै हजारौँ मानिसलाई प्रेरित गरिरहनुभएको छ भने कवि पूर्ण विरामले निकै सशक्त कविता लेखेर साहित्यमा ठूलो योगदान गर्नुभएको छ।

सम्मान कार्यक्रममा सम्मानित हुने रायन श्रेष्ठले राष्ट्रपतिलगायतले दिने भनेका ठूलाठूला सम्मानहरू पनि आफूले अस्वीकार गरिदिएको भन्दै सम्मान दिने हातहरू कस्ता छन् भनी लामो समय विचार गरेर यहाँसम्म आइपुगेको छु भन्नुभयो। उहाँले बिस्तारै नेपाल कम्युनिस्ट पार्टीप्रति आफ्नो विश्वास पलाउँदै गएकाले यसमा विगतको जस्तै धोका नदिन नेताहरूलाई अनुरोध गर्नुभयो। उमेरले ८० वर्ष पुग्न लाग्नुभएका रायनले २५ बर्से युवाजोसमा निकै सशक्त र जोडदार 'हाम्रो रगतले रङ्गिएको रातो झन्डा निर्मल आकाशमा चम्किरहोस्, क्रान्तिकारी विचार जागिरहोस, देशभक्ति भावना अमर रहोस्, जालीफटाहा झन्डामुनि घुस्न नपाऊन्' भन्ने भावको गीत गाउँदा हलका सहभागीहरू एकैपटक भावुक, उत्साहित, उद्वेलित र मर्माहत देखिन्थे।

यस्तै सम्मानित सर्जक जेबी टुहुरेले नयाँ कम्युनिस्ट संस्कृतिको सुरुआत गर्ने नेकपाले राम्रो लक्ष्य बनाएकोमा आफू धेरै खुसी भएको बताउँदै सबै एकताबद्ध भएको खण्डमा नयाँ नेपाल निर्माण गर्न जोडदार रूपले अगाडि बढ्न सक्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा उहाँले ज्यानमाराले एकजनाको ज्यान लिन्छ तर भ्रष्टाचारीले सयौँ जीवनहरू मार्ने भएकाले त्यस्ताको अन्त्य हुनुपर्ने भावको गीत गाउनुभयो।

दसबर्से भीषण जनयुद्धको प्रक्रियामा सहभागी योद्धा एवम् सहिदपितासमेत रहनुभएका खुसीराम पाख्रिनले अहिले पार्टीको हिसाबले जो जहाँसुकै रहे पनि क्रान्तिप्रति आफू प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले यो संसार युवाहरूको काँधमा भएकाले उनीहरू नै उठ्नुपर्छ भन्ने भावको गीतद्वारा युवापुस्तालाई क्रान्तिमा उठ्न आह्वान गर्नुभयो।

यस्तै सदाबहार गीत गाउने र गीतसङ्गीतको क्षेत्रमा अलग्गै पहिचान बनाउनुभएका जनगायक जीवन शर्माले कलाकारलाई गीत गाउन लगाउने र त्यसपछि अपमान गर्ने परम्परा नेकपाले तोडेको बताउनुभयो। शर्माले आफ्नो चर्चित 'सिमली छायाँमा बसी' शीर्षकको गीत गाउँदा सहभागीहरूमाझ बेग्लै रौनक उत्पन्न भएको थियो।

यस्तै प्रगतिवादी साहित्यिक आन्दोलनमा निकै बेजोड र सशक्त रूपले कलम चलाउने कवि पूर्ण विरामले कम्युनिस्ट आन्दोलन विशेषगरी पछिल्लो दसबर्से जनयुद्धलाई इङ्गीत गर्दै 'अलपत्रमा परेको युद्धको नतिजा यस्तै हुन्छ' शीर्षकको कवितामार्फत त्यसको वास्तविक चित्र प्रस्तुत गर्नुभएको थियो।

नेकपाको सल्लाहकार समितिका अध्यक्ष असारे काकाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष टेकबहादुर बलम्पाकीले गर्नुभएको थियो। नेकपाका स्थायी समिति सदस्यहरू कञ्चन, सुदर्शन र विषम उपस्थित रहेको कार्यक्रममा सम्मानित स्रष्टाहरूकै गीत सुन्दर ढङ्गले प्रस्तुत गर्दै अखिल नेपाल जनसांस्कृतिक महासङ्घका जनकलाकार रमण थामीले अतिथि र सहभागीहरूलाई स्वागत गर्नुभएको थियो।

यसरी स्रष्टाहरूलाई सम्मान कार्यक्रम गरिरहँदा सहभागीहरूले कम्युनिस्ट पार्टीले साँच्चिकै कम्युनिस्ट मूल्यमान्यता स्थापित गर्न खोजेको छ भनी खुसी व्यक्त गरेका थिए। कम्युनिस्ट पार्टीले उसको आदर्शअनुसार व्यावहारिक नमुनाहरू प्रस्तुत गर्ने प्रयास गरिरहेको छ। केही समयअगाडि मात्र उसले क्रान्ति र आन्दोलनमा विशेष योगदान गर्ने विभिन्न व्यक्तिहरूलाई महाधिवेशनको प्रक्रियामा सम्मान गरेको थियो।

एकीकृत आवाजको
दोस्रो अंक प्रकाशित
भयो।
आफ्नो प्रति
सुरक्षित गर्नुहोस्।




Need Employment Services (P.) Ltd.
Ultimate Solution
NEED EMPLOYMENT SERVICES
BMTRADA
ISO 9001
UKAS
012
P.O.Box: 20478, Dhapasi-8, Kathmandu, Nepal
Ph.: 4384248, 4384251, Fax: 977-1-4366175
E-mail: needemploymentservices@gmail.com
Website: www.ultimatesolutionnepal.com
Lic No. 284/058/59

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **तिलक मल्ल**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, Email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ